CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देशमा विद्यमान साधनहरूलाई योजनाबद्ध तरीकाले परिचालन गर्नको लागि विभिन्न परियोजनाहरूलाई अनुशासित एवं प्रभावकारी ढंगबाट कार्यान्वयन गर्दै लैजानु समयको माग हो।

—श्री ५ वीरेन्द्र

श्री ५ महाराजाधिराज सरकारको

सदिच्छा अनुरूप देशको आर्थिक विकासमा

सघाउ पुऱ्याउन नेपाल राष्ट्र बैंक

आफ्नो २७ औं वर्ष

प्रवेशको सुखद अवसरमा पूर्ववत् संकल्परत्

रहने प्रण गर्दछ ।

सौजन्यः- नेपाल राष्ट्र बैंक परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कल्याण

(साहित्यिक तथा धार्मिक मासिक पत्रिका)

वर्ष : २· बैशाख, २०३९ (April-May'82) अंक - ३

सम्पादक

श्रीधर खनाल

प्रकाशक

ऋद्धिहर्ष वज्राचार्य

सह-सम्पादक

उज्ज्वल शर्मा आनन्दहर्ष

प्रबन्ध-सहयोगी

चण्डी प्रसाद पौडेल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

— विषय सूची —

नं.	विषय	नाम	पेज नं.
	सम्पादकीय —		
१.	बुद्धज्ञानको प्रतीक ..	— बासुरिमाल यात्री...	......१
२.	प्लेटोको प्रादुर्भाव...	—बिल डूरेन्ट...	...५
३.	बुद्ध चरित्र...	—	१३
४.	गीता बोध ..	—डा. भीष्मराज प्रसाई...	४१
५	सत्य ॐ ले सचिएको हुन्छ ...	—रामचन्द्र शर्मा... ...	...४५
६.	बौद्ध धर्मका प्रवर्त्तक गौतम बुद्ध ...	— गोकुल प्रसाद शर्मा...	...४६
७.	जीवन के हो ?...		६५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अहिंसा परमो धर्म

सम्पादकीय

आज विश्वका धेरजसो भागमा व्यक्तिगत, समूहगत, सामाजिक राष्ट्रिय स्तरमा बुद्ध जयन्ती मनाईँदैछ । यो खुसीको कुरो हो किनभने शोकाकुल मानव जातिलाइ अहिंसाको पाठ सिकाउने गुरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्नु मनासिव पनि छ । तर बाहिरी रूपले मात्र बुद्धजयन्ती मनाएर कर्मले चाहिं मानिस हिंसाको बाटो अरू फराकिलो पार्दै जान्छ भने त्यस्तो आडम्बरलाई समर्थन गर्न किमार्थ सकिन्न । हिंसाबाट पीडित आजको समाजले जहाँसम्म भगवान बुद्धका उपदेश लाइ व्यवहारमा परिणत गरेर देखाउँदैन त्यहाँसम्म मानव सभ्यता अनन्त कालसम्म दिगो भएर रहने आशा गर्न सकिन्न ।

तसर्थ हामी देवदत्तको हातबाट घाइते हाँसलाइ बचाएर मार्ने भन्दा वचाउनेको अधिकार हुन्छ भनेर साबित गर्ने बालक सिद्धार्थलाइ संझँदै आजको दिन निरस्त्रीकरण सफल पार्न विश्वका सवै शक्ति राष्ट्रहरूलाइ हार्दिक अपील गर्दछौं । निरस्त्रीकरणको सिद्धान्त लाई विश्व राजनीतिको हतियार नबनाइयोस् र व्यवहारमा लागू गरेर देखाइयोस् भन्ने मागलाइ समस्त मानव जातिको माग हो भन्ने कुरामा हामी विश्वस्त छौं ।

अर्को चाहिं, भगवान् बुद्ध नेपालका राष्ट्रिय विभूति भएकामा हामी गौरवान्वित छौं । किनभने भौतिकवादी दृष्टिकोणले अन्य विकसित देश हेरी निकै पछाडिएको भएर पनि नेपालले बुद्ध जस्ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महामानव विश्वलाइ दिएको कुरा मानव इतिहासमै अमर भइसकेको छ । साथै नेपाल एउटा हिन्दू अधिराज्य भएर पनि बौद्ध धर्मलाइ अविभाज्य रूपले अँगालेर संसारकै लागि एउटा नौलो उदाहरण हामीले प्रस्तुत गरेका छौं । र यसलाइ हामी आफ्नो महानतम उपलब्धि ठान्छौं पनि । एवं रीतले विश्वका अन्य पनि भिन्न भिन्न धर्मावलम्बी र मतावलाम्बीहरूमा आफसी प्रेम र सौहार्दता फैलन सके मात्र विश्व शान्तिको कामना पूरा हुनेछ । यसमा पनि हामी विश्वस्त छौं ।

जेभएपनि, आज भगवान् बुद्ध सम्बन्धीं कार्यक्रममा मात्र अलमलिएर पुग्दैन । उहाँले दिएको मार्ग दर्शनलाइ हृदयंगम गरेर त्यही बाटोमा लम्केर अघि बढ्न सक्नुपरेको छ । यसैमा मानव जातिको कल्याण छ । त्यसको लागि बौद्ध मनलाइ धर्मको रूपमा लिन र फिजाउन सक्नुपर्छ । अनि मात्र कुनै पुजारी, पादरी अयातुल्लाह, भिक्षु वा अन्य पनि कुनै धार्मिक पदाधिकारीमा कुनै भेद रहने छैन । यसरी हरेक मानिसले अनुसरण गर्न सक्ने भएर नै गौतम बुद्धले देखाएको बाटो सर्वश्रेष्ठ छ भन्न हच्किनुपर्दैन । आज विश्वले एउटै नारा लगाउनु परेको छ । र त्यो हो— अहिंसा परमो धर्मः । किनभने मानिसको मात्र कुरा छाडी प्राणी मात्र यही कामना गर्दछन । अस्तु ।

जो व्यक्तिले आफ्नो अवगुण र अरूहरूको गुण देख्दछ उही महान व्यक्ति हुन सक्दछ ।

— सुकरात

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुद्ध–ज्ञानको प्रतीक

–वासु रिमाल 'यात्री'

नेपाल बुद्धले जन्म लिएको देश, भारत बुद्धले ज्ञान प्राप्तगरेको देश। तर बुद्ध धेरै टाढा पुगेका छन् नेपाल र भारत भन्दा। जापानले पनि बुद्धलाई अंगाल्यो त्यसैले बुद्ध धर्मले जनतालाई संगठित गऱ्यो, बुद्धले जापानीहरूलाई कुनै उच्च लक्ष्य प्राप्तिको लागि सारा व्यक्तिगत सुख, स्वार्थ त्यागने शिक्षा दिए र जापान एउटा उन्नत शक्तिशाली देश बन्यो।

केही महीना अघि जापानको संसद्मा जापानलाई आजको उन्नत स्थितिमा पुऱ्याउन बुद्धधर्मको ठूलो हात रहेको कुरा स्वीकार गरिएको थियो।

हामी बुद्धलाई पूजा गर्छौं तर बुद्ध पूजा चाहंदैनन्। बुद्ध मूर्ति-पूजाको बिरोधी रहे, हामी भने बुद्ध–मूर्तिको पूजा गर्छौं। बुद्ध सगुण साकार भगवान्को बिरूद्ध खड़ा भए (निर्गुण भगवान पनि मानेनन), हामी भने बुद्धलाई भगवान मानेर उनलाई आकार र गुणमा बाध्न चाहन्छौं। नेपाल र भारतले बुद्ध माने तर उनका कुरा मानेनन।

वास्तवमा बुद्ध निराकार छन्, बुद्ध ज्ञानस्वरूप हुन। जहां काम, क्रोध, लोभ, मोह, मद् मात्सर्य छैन, जहां बासना चाहना, तृष्णा केही छैन, त्यहाँ ज्ञान छ, आनन्द छ र यही बुद्ध छन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुनै वासना र चाहना राखेर गरेको पूजा बुद्धलाई स्वीकार्य हुदैन। हामीले काम, क्रोध, लोभ आदि नबढाइकन फूल, अक्षता, अबीर, भेटी, नैवद्यद्वारा गरिएको पूजाले बुद्धलाई छुँदैन।

हो बुद्ध त्यहाँ रहँदैनन् जहाँ अज्ञानको अन्धकार छ र जहाँ बुद्ध रहन्छन् त्यहां अज्ञान कसरी टिक्न सक्छ ? किनभने बुद्ध ज्ञान स्वरूप हुन प्रकाश स्वरूप हुन ।

यहाँ मलाई बुद्ध सम्बन्धी एउटा प्रसङ्गको संझना भएको छ। बुद्धत्व प्राप्त भएपछि बुद्ध जहाँ जान्थे, मान्छेहरू उनको पछि पछि लाग्थे। कति मानिस घरबाट छाडी उनको चेला समेत बने। यस्तो चालदेखेर अज्ञानीजन, धनका घमण्डी भोगका अहंकारी उनीदेखि

चिढिएका थिए। यस्तै एकजना धनी तथा क्रोधी ब्यक्ति एका बिहान उनको सामु आयो। बुद्ध आफ्ना चेलाहरूलाई उपदेश दिइरहेका थिए। नव आगन्तुक बुद्धको सामु ठिङ्ग उभियो र उनलाई गाली गर्न थाल्यो-तिमी अल्छी हौ, वेकम्म हौ, काम ठग हौ, गाउँभडुवा हौ। एका बिहानै काम नगरी, आफ्ना चेलासंग गफ हाक्न थाल्यौं। तिमीले हाम्रा तन्नेरीहरूलाई मुडेर वेकम्मा बनायौ तिमी जस्ताको यहाँ दर्कार छैन।

क्रोधीको गालीको वर्षाले बुद्ध माथि कति पनि प्रभाव पारेन। चेलाहरू भने मुर्मुरिएर दान्हा किटेर गुरूको इशारा गर्दै बसे बुद्ध अज्ञानी व्यक्तिको क्रोध उपर हांसिरहे। उनले केही जवाफ दिएनन।

क्रोधीलाई झन बल मिल्यो। उसले गाली गर्नमा झन् बढी जोश निकाल्यो। जानेसम्मका गालीका शब्दहरू बकी सम्पूर्ण रीस पोखी ऊ घरफर्क्यो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चेलाहरूले बुद्धसंग सोधे-उसले तपाइँलाई त्यसरी व्यर्थ गाली गर्दा पनि तपाईंले किन जवाफ दिनु भएन बुद्धले भने जेसंग जे छ त्यही अरूलाई दिन चाहन्छ। उसको मनमा क्रोध भरिएकोले उसले त्यही निकाल्यो। मेरो मनमा क्रोध, लोभ केही छैन। त्यो खालीछ, त्यसैले म चूप रहें।

भोलिपल्ट त्यही व्यक्ति बुद्ध कहाँ आयो रातभरमा ऊ वेग्लै मान्छे भइसकेथ्यो। उसलाई आफ्नो अनुचित व्यवहारको कारणले पछुताउ भई रहेथ्यो। उसले बुद्धको पाउ परेर बिन्ति गर्‍यो। तिमी ज्ञानका जिउँदा मूर्ति हौ। मलाई माफ गरिदेउ र ज्ञानको अर्ती बुद्धि देऊ।

र ऊ बुद्धको चेला बन्यो।

बुद्ध ज्ञानको उचाईबाट हेर्छन् उनी चारै तिरका कुरा छर्लङ्ग देख्छन्। भित्र बाहिर तल माथि यत्र तत्र सर्वत्रका कुरा देख्छन्। ज्ञानीहरू यस्तै हुन्छन् कि!

बुद्धलाई थाहा छ क्रोध शान्त बन्न सक्छ, भोगी योगी बन्न सक्छ र वेश्या पनि भक्तिनी बन्न सक्छे। त्यसैले उनी अतिवादी भएनन्, मध्यमा मर्गी भए। उनले छ र छैनका बीच बाटो खोजे। उसले परमात्मा मानेनन् जीबात्मा मान्ने। स्वर्ग नर्क मानेनन्, पुनर्जन्म माने। कर्म मार्ग र भक्ति मार्गका बीच उनले ज्ञान मार्ग देखि हिन्दू दर्शन र बौद्ध दर्शनका बीच ठूलो बिरोध देख्नु भूल हो। बुद्धलाई नास्तिक मान्नु ठूलो अज्ञानमा पर्नु हो। रामकृष्ण परमहंस भन्छन् वैदिक ज्ञान मार्ग र बौद्ध मार्गमा कुनै भेद छैन। नैति नेति-शून्य।

बुद्ध कोरा उपदेशक बनेनन्, प्रयोगद्वारा उनी आफ्ना कुरा सम्झाउथे। उनलाई थाहा थियो सिद्धान्तलाई प्रयोगात्मक रूपमा नबताए त्यसलाई कसैले बुझ्न सक्तैन, ग्रहण गर्न सक्तैन।

उनको लागि हाम्रो जीवनवीणा हो र मन त्यसको तार। हाम्रो जीवन किन दुःखमय छ ? किन जीवनबाट मीठो सुखमय संगीत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निस्कँदैन ? किन जीवन स्वस्त छ ? यसको खासकारण छ । बुद्धलाई त्यो थाहा छ—

महाभोगी राजकुमार श्रोण बुद्धका चेला बने । ती राजकुमार जो महलका सिडीहरूमा नग्न युवतीहरूलाई अंगालो हाली उक्लने ओर्लने गर्थे जो रातदिन भोग बिलासमा डुबि रहन्थे ।

बुद्ध धर्ममा दीक्षित भए । अब उनी नाङ्गो खुट्टाले कन्टकमय बाटोमा हिड्न थाले उपवासले जीउ सुकाउन थाले । बुद्धका अरू चेलाहरू छक्क परे महाभोगी महायोगी बन्न खोजिरहेछ । एक वर्षमा श्रोणको हाडछाला मात्र बाँकी रह्यो ।

एकदिन बुद्ध श्रोणको सामु गए । उनले सोधे श्रोण तिमी एकताका बडा कुशल बीणावादक थियौं भन्ने सुनेथ्यें, हो ।

-हो प्रभू बाणीवादनमा मलाई कसैले जित्न सक्दैनथ्यो ।

-बीणाको तार बेसरी कस्यो भने के हुन्छ ?

तार बेसरी कस्यो भने मीठो संगीत पैदा हुँदैन तार चुँडिने डर रहन्छ ।

—अनि तार खुकुलो राख्यो भने ?

—त्यो बज्दैन ।

बुद्धले श्रोणलाई जीवनवीणाबाट मधुर संगीत पैदा गर्ने उपाय बताउँदै भने-बस यही कुरा जीवनबीणामा लागू हुन्छ । पहिले तिमीले मन-तार खुकुलो राख्यौ (संयमहीन जीवन बिताया) त्यसैले सुख-संगीत बजेन । अहिले त्यसलाई बेसरी कसेका छौ तार चुँडिने संभावना छ । मन-तारलाई मध्यम स्थितिमा राख -त्यो नखुकुलो होस् नबेस्सरी कसेको तब यो संगीत निस्कन्छ ।

बल्ल श्रोणाको घैटोमा घाम लाग्यो ।

(२०३४ साल माघ २२ गतेको गो० प० बाट साभार ।)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(गतांकको बाँकी)

प्लेटोको प्रादुर्भाव

–बिल डूरेन्ट

अब हामी 'दि रिपब्लिक' को अध्ययन गरौं ।

आचार सम्बन्धी समस्या

धनी सामन्त सीफेलस (Cephalus) को घरमा वहस शुरू भयो। यसमा भाग लिनेहरूमा प्लेटोका दुई दाजु भाइ ग्लाउकन (Glaucon) र एडिम्यान्टस (Adeimantus) तथा उग्र स्वभावी सोफिस्ट थ्रेसिमेकस (Thiasymachus) थिए। सोक्रेटीजले यस वार्तालापमा प्लेटोका प्रवक्ता बनेर भाग लिए । उनले सीफेलससंग सोधे, "तिमीले आफ्नो दौलतद्वारा प्राप्त गरेको सबभन्दा ठूलो वरदान के हो भन्ने ठानेका छौ ?"

सीफेलसले चाहिं दौलत नै उनको लागि सबभन्दा ठूलो वरदान थियो किनभने त्यसैबाट उनी उदार, धर्मनिष्ठ र इमान्दार बन्न सकेका थिए भनेर जवाफ दिए। सोक्रेटीजले फेरि निकै चतुरतापूर्वक सोधे, "तिमी वास्तवमा केलाइ धर्म भन्ठान्छौ ?" र यसपछि नै दर्शनमाथि वाग्युद्धको थालनी हुन्छ । परिभाषाभन्दा जटिल कुरो अर्को हुन सक्दैन र यो छाडी अरू कुनै कुरो पनि मानसिक स्पष्टता र बौद्धिक क्षमता पारख गर्ने वस्तु हुन सक्दैन। सोक्रेटीजको अगाडि जति पनि परिभाषाहरू प्रस्तुत गरिन्छन् ती सबको उनी आँखा पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एक दृष्टि यता:—

सस्तो, राम्रो, छिटो–छरितो

एवं

मुद्रण सम्बन्धी आफ्नो समस्या समाधानको

लागि

हामीलाई सम्झनोस्

साथै

सरकारी तथा अर्धसरकारी कार्यालयहरूमा प्रयोग हुने

म. ले. प. फर्महरूको लागि अवश्य सम्पर्क राख्नुहोला ।

बागबजार, ठमाडौं,
फोन: ११६२५

-आनन्द प्रिन्टिङ्ग प्रेस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

झिमिष्क नगरी एकएक गरी खण्डन गर्दैजान्छन्। आखिरमा गएर अरूभन्दा कम सहनशील थ्रेसिमेकस बम्कन थाले। उनी कराउन थाले, "सोक्रेटीज ! तिमी कति मूर्ख छौ ? तिमी अर्थ न वर्थको तरीकाद्वारा अरू सबलाइ पालैपालो होच्याउने जमर्को किन गर्छौ हँ ? म त के भन्छु भने धर्म के हो भनेर जान्ने त्यस्तो इच्छा छ भने प्रश्नमाथि प्रश्न गरिरहनुको सट्टा तिनको उत्तर पनि दिने गर। अरूलाइ होच्याउने मिथ्या गर्व नगर... ... ...किनभने यस्ता त अरू पनि धेरै छन् जो प्रश्न गर्न त जान्दछन् तर त्यसको उत्तर जान्दैनन् (रिपब्लिक खण्ड ३३६)।" त्यो सुनेर सोक्रेटीज पटक्कै गलेनन्। उनी उत्तर दिनुको सट्टा प्रश्नमाथि प्रश्न थप्दै गर्छन। एकछिनको वाद–विवादपछि उनी असतर्क थ्रेसमेकसलाइ हौस्याएर नाकमा बल्छी लागेर एउटा परिभाषा मान्नुपर्ने तुल्याइदिन्छन।

तो सोफिस्टले जङ्गिएर भने, "उसो भए सुन, जसको शक्ति उसको भक्ति भनेर म ठोकुवा गर्न सक्छु। शक्तिशालीको स्वार्थ नै धर्म हो। बिभिन्न प्रकारका सरकारहरू आ-आफ्ना हितलाइ ध्यानमा राखेर ऐनकानून बनाउँछन्। ऐनकानून भिन्नाभिन्नै प्रकारका हुन्छन– लोकतांत्रिक, सामन्तवादी तथा निरंकुशवादी। सबै नै आफ्ना प्रजाका अगाडि न्याय प्रस्तुत गर्छन्। जसले उनीहरूको कानून भंग गर्छ त्यसलाइ 'अन्यायी' भन्ठानेर उनीहरू दण्ड दिन्छन्। म अन्यायमाथि एउटा व्यापक दृष्टिबाट कुरा गर्दैछु। मैले दिएको परिभाषा कुनै पनि स्वेच्छाचारी शासनमा टड्कारो देखिन्छ। निरंकुश शासन धोका दिएर र बल प्रयोग गरेर अरूहरूको समस्त सम्पत्ति कुम्ल्याएर लैजान्छ। कुनै व्यक्ति नागरिकहरूको सम्पत्ति खोसेर उनीहरूलाइ कमारा तुल्याउँछ भने उसलाइ ठग कि चोर भन्नुको साटो सुखी र समृद्ध पो भनिन्छ र सबैजना उसलाइ आशीर्वाद दिन्छन्। अन्यायको निन्दा त गरिन्छ तर त्यसो नगरे त्यसको दुष्परिणाम आफूले पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

You are invited to join

Nepal's only one

Organization for all types of

Nepal Collector

NEPAL PHILATELIC SOCIETY

(Govt. Regd.)

(The most active Philatelic organization in the Country)

With an International membership and Co-operation noted Philatelists and Hobbyist of Nepal.

For an Application Write to :-

Secretary, Nepal Philatelic Society

G. P. O. Box : 343

Kathmandu, Nepal.

Tel No. : 16358

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भोग्नुपर्ला भन्ने डरले मात्र त्यो निन्दा गरिएको हुन्छ। आफूले नै अन्याय गऱ्यो भने त्यसको फल भोग्नुपर्ला कि भन्ने शंकाले त्यो निन्दा गरिएको हुन्न (३३८-४४)।

बस्तुतः यो त्यही सिद्धान्त हो जुन आज पनि थोर-थोर यही रूपमा नित्शे (Neitzsche) को नामसंग जोडिएको छ। "वास्तवमा मलाइ ती दुर्वल प्राणीहरू देखेर धेरैपटक हाँसो उठेको छ जो आफ्नो पौँठा कमजोर भएर नै आफूलाइ श्रेष्ठ संझन्छन।[1] स्टर्नर (Stirnur) यही विचार संक्षेपमा ब्यक्त गर्दै भन्छन् – "धेरै नै न्यायको तुलनामा त अलिअलि भए पनि शक्ति नै ज्यादा श्रेयस्कर हुन्छ।" दर्शन शास्त्रको इतिहासमा कदाचित यहीं आएर यो सिद्धान्त त्यसको अपेक्षा ज्यादा सुन्दर ढंगले ब्यक्त गरिएको छ जुन प्लेटोले आफ्नो एउटा बार्ता प्रसंग 'जर्गियाज' (Gorgias 483F) मा त्यस बखत प्रतिपादित गरेको छ र उता सोफिस्ट क्यालिकल्स (Callicles) नैतिकताको निन्दा गर्दै यो त शक्तिशालीहरूको बललाइ निरर्थक तुल्याउने हेतुले निर्वल ब्यक्तिहरूले निकालेको कुरो हो भन्छन।

उनीहरू आफ्नै हितमा ध्यान दिएर प्रशंसा कि निन्दा गर्छन् । उनीहरू वेइमानीलाइ लज्जाजनक र न्यायहीन भन्छन् । वेइमानीको मतलब नै आफ्ना छिमेकीहरूभन्दा बढी शक्तिशाली बन्ने इच्छा हो । मानिसहरू आफूलाइ हीन भन्ने चाल पाएपछि अरूहरूसंग बराबरीको मात्र दर्जा पाए पनि औधि रमाउँछन् । तर कुनै ब्यक्तिसंग पर्याप्त शक्ति छ भने (यहाँ दैवी पुरूषको भावना आउँछ) ऊ यी सबैवाट टाढा रहेर अलग बाटो हिंडने प्रयत्न मात्र गर्छ । हाम्रा जुन सिद्धान्तहरू, नियमहरू र आकर्षणहरू प्रकृतिको बिरूद्ध पाप छन् तिनलाइ लत्याउँदै ऊ अघि बढ्छ । ...जो वास्तवमा बाँच्न चाहन्छ उसले आफ्ना इच्छाहरूलाइ सकेसम्म बढी बढ्न दिनु पनि पर्छ, तर ती अधिकतम सीमा नाघ्न खोज्ने

1. Thus Spoke Zarathustra, New York, 1906, P. 166.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुद्ध वचन—

* प्राणी--हिंसा नगर्ने पालन गर्छु ।
* चोरी नगर्ने नियम पालन गर्छु ।
* ब्रम्हचर्य पालन गर्ने नियम ग्रहण गर्छु ।
* झूठ्ठो कुरागर्ने बानी छोड़ने नियम पालन गर्छु ।
* रक्सी जाँड आदि लाग्ने पदार्थ नपिउने नियम ग्रहण गर्छु ।
* अबेलामा (आधादिन बितेपछि कुबेलामा) भोजन नगर्ने र शिक्षामा नियम पालन गर्छु ।
* चरित्र भ्रष्ट हुने नाच, गाना र अयोग्य दृश्य नहेर्ने र धेरै मूल्य पर्ने मालाधन्ध अत्तर आदि (बिलापी) आभूषण पदार्थ सेवन नगर्ने नियम धारण गर्छु ।
* धेरै पैसा पर्ने विलाषी बिछ्यौना र उच्च आसनमा नबस्ने, नसुत्ने नियम पालन गर्छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखिएपछि तिनलाइ—अनुशासित राख्ने बुद्धि र साहस पनि उसमा हुनुपर्छ । यसैलाइ म प्राकृतिक न्याय र कुलीनता भन्ठान्छु । तर सबैजना यसो गर्न सक्दैनन् र सक्नेलाइ उनीहरू दोष दिन थाल्छन् । आफ्नो अक्षमतामाथि लाज लागेर नै उनीहरू त्यसो गर्छन् । उनीहरू यसलाइ ढाकछोप गर्न चाहन्छन् र त्यसो भएर नै अमर्यादालाइ निम्न कुरो भन्छन् । ... ... उनीहरू श्रेष्ठ शक्तिहरूलाइ दाविदिन्छन् र न्यायको गुहार माग्न थाल्छन् किनभने उनीहरू पानीआन्द्रे हुन्छन् ।

यो न्याय मानिसहरूको लागि योग्य नभएर सेवकहरूको लागि योग्य न्याय हो । (pudo gar andros all andrapodoutinos) यो दासहरूको नैतिकता हो, बीरहरूको नैतिकता होइन । मानिसका वास्तविक गुण त साहस (Andereia) र बुद्धि (Phronesis) हुन ।[1]

संभवत यही कठोर "अनैतिकता" एथेन्सको परराष्ट्र नीतिमा साम्राज्यवादको विकास हुनामा स्पष्ट रूपले दृष्टिगत भयो र यसैको प्रेरणाले दुर्वल राज्यहरूमाथि निर्दय व्यवहार गरिएको हुनसक्छ ।[2] पेरिक्लीज (Pericles) ले आफ्नो लागि थूसिडाइदस (Thucydides) द्वारा पृष्ठभूमि तयार पारिएको प्रभावशाली भाषणमा स्पष्ट शब्दमा भनेका छन : "तिम्रो राज्य तिम्रा प्रजाको सद्भावनाको सट्टा तिम्रो आफ्नो शक्तिको भरमा टिकेको छ ।" एथेन्सका राजदूतहरूले स्पार्टा बिरूद्ध लडाइँमा एथेन्सको साथ दिन मेलो (Melos) लाइ जबर्जस्ती लाचार तुल्याएका थिए भनेर पनि यिनै इतिहासकारले भनेका छन । "न्यायको प्रश्न त समान शक्ति भएकाहरू बीच उठ्छ भन्ने कुरा तिमी-हामी सबैलाइ थाहै छ । शक्तिशाली त मन लागे अनुसार गर्न सक्छ । निर्वलहरू त सधैं थिचिएर बस्नुपर्छ किनभने उनीहरूको

---

1. Gorgias 491; of Machiavallis definition of virtue as intellect plus force.
2. Barker, P. 73.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लागि यो छाडी अर्को बाटो छैन (History of the Peloponnerian War, V. 105) यहाँनिर हाम्रो अगाडि नैतिकताको मूलभूत समस्या आउँछ। नैतिक आचरणको जटिल प्रश्न नै यही हो। न्याय भनेको के हो ? हामी न्यायको बाटो समातौं कि शक्तिको ? हाम्रो भलाइ असल व्यक्ति बन्नुमा छ कि शक्तिशाली बन्नुमा ?

सोक्रेटीज अथवा प्लेटोले यो सिद्धान्तको चुनौतीको सामुन्ना कसरी गरे ? प्लेटोले शुरूशुरूमा त यसको सामुन्ना नै गरेनन्। सामाजिक संगठनमा आश्रित व्यक्तिहरू नैं बीचको सम्बन्ध न्याय हो भन्ने संकेत मात्र उनले गरे। त्यसो हुनाले यसलाइ व्यक्तिगत आचरणको गुण मान्नुको सट्टा समुदायकै ढाँचाको एउटा अंश मानेर मात्र यसको राम्रो अध्ययन गर्न सकिन्छ। हामीले धर्मनिष्ठ राज्यको चित्र तयार पार्‍यौं भने नै हामी धर्मप्रिय व्यक्तिको व्याख्या गर्न सक्ने अझ राम्रो स्थितिमा हुन्छौं भनेर उनले सुझाउ दिएका छन्। प्लेटोले त्यस विषयमा आफ्नो कुरो पल्टाउन सफाइ दिएका छन्—कसैको आँखा जाँच्नु छ भने पहिले उसलाइ ठूलो र पछि मात्र मसिनु अक्षर पढ्न लगाइन्छ। त्यसै गरी धर्मको विश्लेषण व्यक्तिगत आचरणको तल्लो स्तर छाड़ी विशद् स्तरमा वढी सजिलो हुन्छ भन्ने तर्क उनको छ। तर यसबाट हामी पर्न हुन्न। वास्तवमा 'गुरू' ले दुवै पुस्तकलाइ जोडेर तर्कद्वारा त तिनको सिलाइ मात्र गरेका थिए। उनी व्यक्तिगत नैतिकताका समस्या माथि त छंदैछ, सामाजिक र राजनीतिक पुनर्निर्माणका समस्यामाथि पनि विचार गर्न तत्पर हुन्छन्। उनका हातमा आदर्श कल्पित राज्य (Utapia) हुन्छ र उनी सबको अगाडि त्यही अघि सर्न अग्रसर हुन्छन्। त्यसैले उनलाइ सजिलै क्षमा गर्न सकिन्छ किनभने कुरो फेरेर उनलाइ लक्ष्यमा पुग्न सघाउ पुगेको हुन्छ र त्यसले उनको पुस्तकको उपयोगिता बढाएको छ।

क्रमशः

प्रस्तुतकर्ता—देवराज।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(भगवान् गौतम बुद्ध)

पाणातिपाता वेरमणी सिक्खापदं समादियामि

प्राणी हिंसा नगर्ने नियम पालन गर्दछु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुद्ध चरित्र

बाह्रौं सर्ग

अराड मुनिसंग भेटघाट

(महाकवि अश्वघोषको समय क्राइस्ट पूर्व २६५–२११ मानिएको छ । उनले संस्कृत भाषामा रचेका महाकाव्य बुद्ध चरित्रबाट महाकवि कालिदास समेत प्रभावित भएका थिए । त्यही बुद्ध चरित्रलाइ श्री विश्वनाथ मर्शा भट्टराईले नेपालीमा अनुवाद गरी २०२५ सालमा नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानद्वारा प्रकाशित गराउनुभएको बुझिन्छ । त्यसैको बाह्रौं सर्गलाइ बुद्ध जयन्तीको महान् अबसरमा हामीले साभार प्रस्तुत गरेका छौं -सं०)

ततः शमविहारस्य मुनेरिच्वाकुचन्द्रमाः ॥
अराड़स्याश्रमं भेजे वपुषा पूरयन्निव ।१॥

त्यसपछि इच्वाकुवंशका चन्द्रमा जस्ता ती राजकुमार शान्ति मन पराउने अराडमुनिको आश्रममा आफ्नू शरीरका प्रभावले पूर्ण गर्दै पसे ॥१॥

स कालायसगोत्रेण तेनालोक्यैव दूरतः ॥
उच्चैः स्वागतमित्युक्तः समीपमुपजग्मिवान् ॥२॥

कालायस गोत्रमा उत्पन्न भएका ती मुनिले टाढाबाट देखेर ऊँचो स्वरले "स्वागत" छ भने । राजकुमार पनि उनको नगीचै गए ॥२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तावुभौ न्यायतः पृष्ट्वा धातुसाम्यं परस्परम् ।
दारुवयोर्मेध्ययोर्बृष्योः शुचौ देशे निषेदतु ॥३॥

तो दुवै न्यायपूर्वक परस्परमा कुशल प्रश्न सोधी पवित्र स्थानमा पिर्कामाथि मृगको छाला ओछ्याइएको पवित्र आसनमा बसे ।३॥

तमासीनं नृपसुतं सोऽब्रवीन्मुनिसत्तमः ॥
बहुमान विशालाभ्यां दर्शनाभ्यां पिबन्निव ॥४॥

ती उत्तम मुनिले आसनमा बसेका ती राजकुमारलाई अत्यन्त आदरपूर्वक ठूला ठूला आँखाले पान गरे झैं गरी भने ॥४॥

विदितं मे यथा सौम्य निष्क्रान्तो भवनादसि ।
छित्त्वा स्नेहमयं पाशं पाशं दृप्त इव द्विप ॥५॥

हे शान्त राजकुमार ! मदमत्त हात्तीले बन्धन चुँडाले झैं गरी तपाईंले पनि स्नेहको बन्धन काटी आउनुभएको हो भन्ने कुरा मैले जानिसकेको छु ॥६॥

सर्वथा धृतिमच्चैव प्राज्ञं चैव मन स्तव ।
यस्त्वं प्राप्तः श्रियं त्यक्त्वा लतां विषफलामिव ॥६॥

तपाईंको मन सबै तरहले धैर्यसम्पन्न र ज्ञानवान् छ । तपाईं विषाक्त फल दिने लहरा जस्ती लक्ष्मीलाई छोडी आउनुभएको हो ॥६॥

नाश्चर्यं जीर्णवयसो यज्जग्मुः पार्थिवा वनम् ।
अपत्येभ्यः श्रियं दत्त्वा भुक्तोच्छिष्टामिव स्रजम् ॥७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजाहरू वृद्धावस्थामा आफ्ना सन्तानलाई भोगगरेको जूठो माला जस्तै गरी राज्यलक्ष्मी सुम्पी वनमा जान्छन् । यसमा कुनै आश्चर्य छैन ॥७॥॥

इदं मे मतमाश्चर्यं नवे वयसि यद्भवान् ।
अभुक्त्वैव श्रियं प्राप्तः स्थितो विषय गोचरे ॥८॥

विषयले भरिपूर्ण भएको स्थानमा बस्नुभएको तपाईं; यो नयाँ उमेरमा लक्ष्मीको भोग नगरी आउनुभएको देख्दा आश्चर्य मानिरहेको छु ॥८॥

तद्विज्ञातुमिमं धर्मं परमं भाजनं भवान् ।
ज्ञानप्लवमधिष्ठाय शीघ्रं दुःखार्णवं तर ॥९॥

त्यसैले यो धर्म सिक्नलाई तपाईं उत्तम पात्र हुनुहुन्छ । अब ज्ञानरूपी डुङ्गामा चढी यो दुःखसागरबाट चाँडै नै पार हुनुहोस् ॥९॥

शिष्ये यद्यपि विज्ञाते शास्त्रं कालेन वर्ण्यते ।
गाम्भीर्याद् व्यवसायाच्च न परीक्ष्यो भवान् मम ॥१०॥

हुन त शिष्यलाई चिनेर मात्र शास्त्र समयमा दिइन्छ । तर तपाईंको गम्भीरता एवं उद्योगले गर्दा म परीक्षा लिन्नं, समयोचित शिक्षा दिन्छु ॥१०॥

इतिवाक्यमराडस्य विज्ञाय स नरर्षभः ॥
बभूव परमप्रीतः प्रोवाचोत्तरमेव च ॥११॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अराडमुनिको यस्तो कुरा सुनेर ती नरश्रेष्ठले प्रसन्न भएर उत्तर दिए ॥११॥

विरक्तस्यापि यदिदं सौमुख्यं भवतः परम् ॥
अकृतार्थोऽप्यनेनास्मि कृतार्थ इव संप्रति ॥१२॥

विरक्त तपाईंको पनि यो जुन म उपरको अनुकूलता छ, त्यसले गर्दा अकृतार्थ म अहिले कृतार्थ जस्तो भएको छु ॥१२॥

दिदृक्षुरिव हि ज्योति र्यियासुरिव दैशिकम् ॥
त्वद्दर्शनमहं मन्ये तितीर्षुरिव च प्लवम् ॥१३॥

हेर्न इच्छा गर्ने पुरुषले प्रकाश, यात्राको इच्छा गर्ने पुरुषले बाटो देखाउने मानिस, पार हुन इच्छा गर्ने पुरुषले डुङ्गालाई माने झैं तपाईंको दर्शनलाई म ठान्छु ॥१३॥

तस्मादर्हसि तद्वक्तुं वक्तव्यं यदि मन्यसे ॥
जरामरणरोगेभ्यो यथायं परिमुच्यते ॥१४॥

त्यसैले तपाईं मलाई उपदेश दिन योग्य ठान्नुहुन्छ भने, तपाईंले त्यस्तो उपदेश दिनु पर्छ, जसले गर्दा यो जरामरणरूप रोगबाट म मुक्त हुन पाउँछु ॥१४॥

इत्यराडः कुमारस्य माहात्म्यादेव चोदितः ।
संक्षिप्तं कथयांचक्रे स्वस्य शास्त्रस्य निश्चयम् ॥१५॥

यसरी कुमारको प्रभावले प्रेरित भएका अराडले आफ्नू शास्त्रको सिद्धान्त संक्षेपले भने ॥१५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रूयतामयमस्माकं सिद्धान्तः श्रृण्वतां वर ।
यथा भवति संसारो यथा चैव निवर्तत ॥१६॥

हे श्रोतामा श्रेष्ठ कुमार ! यो संसार कसरी बन्दछ र कसरी नष्ट हुन्छ भन्ने हाम्रो सिद्धान्त सुन्नुहोस्

प्रकृतिश्च विकारश्च जन्म मृत्युर्जरैव च ।
तत्तावत्सत्त्वमित्युक्तं स्थिरसत्व परेहि तत् ॥१७॥

हे स्थिरसत्व ! प्रकृति, विकार, जन्म, जरा, मृत्यु, यिनलाई सत्व भन्दछन् भन्ने बुझ्नुहोस्

तत्र तु प्रकृतिं नाम विध्दि प्रकृतिकाविद ।
पञ्च भूतान्यहंकारं बुध्दिमव्यक्तमेव च ॥१८॥

हे प्रकृतिका ज्ञाता ! पाँच महाभूत, अहंकार, बुध्दि र अव्यक्तलाई प्राकृतिक भनेर जान्नुहोस्

विकार इति बुध्यस्व विषयानिन्द्रियाणि च ॥
पाणिपादं च वाचं च पायूपस्थं तथा मनः ॥१९॥

विषय र इन्द्रियलाई विकार भन्ने जान्नुहोस् । हात, खुट्टा, बचन, गुह्येन्द्रिय, लिङ्ग, मन यी इन्द्रिय हुन् ।

अस्य क्षेत्रस्य विज्ञानात्क्षेत्रज्ञ इति संज्ञि च ।
क्षेत्रज्ञ इति चात्मानं कथयत्यात्मचिन्तकाः ॥२०॥

चेतनले यो देहरूपी क्षेत्रलाई जान्ने हुँदा चेतन क्षेत्रज्ञ भनिन्छ । आत्म-चिन्तकहरू आत्मालाई नै क्षेत्रज्ञ भन्दछन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२०३९

नयाँ वर्षको

उपलक्ष्यमा

हाम्रो शुभ कामना छ

- साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि० कालिमाटी
- खाद्य उद्योग (प्रा०) लि० हेटौडा
- नारायणी बरफ उद्योग (प्रा०) लि०, वीरगञ्ज
- लुम्बिनी सलाई उद्योग (प्रा०) लि० सिद्धार्थनगर

२०३९ साल

नववर्षको उपलक्ष्यमा

सम्पूर्ण नेपालीहरूको

मंगलमय एवं सुख समृद्धिको

हार्दिक शुभ कामना

ज्ञापन गर्दछौं ।

काठमाडौं नगर पञ्चायत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सशिष्यः कपिलश्चेह प्रतिबुद्ध इति स्मृतः ॥
सपुत्रः प्रतिबुद्धस्तु प्रजापतिरिहोच्यते ॥२१॥

यस संसारमा शिष्यसहित कपिललाई ज्ञानी हुन् भनी भन्दछन् । उनले छोराहरूसहित ज्ञान प्राप्त गरे । त्यसैले उनलाई प्रजापति पनि भन्दछन्

जायते जीर्यते चैव बाध्यते म्रियते च यत् ।
तद्व्यक्तमिति विज्ञेयमव्यक्तं तुविपर्ययात ॥२२॥

जो उत्पन्न हुन्छ, जीर्ण हुन्छ, पीडित हुन्छ, मर्दछ, त्यो व्यक्त हो र जो यसको विपरीत छ, त्यो अव्यक्त हो भनी जान

अज्ञानं कर्म तृष्णा च ज्ञेयाः संसाहेस्तवः ॥
स्थितो ऽस्मिस्त्रितये जन्तुस्तत्सत्वं नातिवर्तते ॥२३॥

अज्ञान, कर्म, तृष्णा यी संसारका कारण हुन् । यी तीन कुरामा अडिएको मनुष्य सत्व (जन्म, जरा, मृत्यु) को पार पुग्न सक्तैन

विप्रत्ययादहङ्कारात्संदेहादभिसंप्लवात् ।
अविशेषानुषायाभ्यां सङ्गादभ्यवपाततः ॥२४॥

विप्रत्यय, अहंकार, सन्देह, अभिसंप्लव, अविशेष, अनुपाय, सङ्ग, अभ्यवपात यिनले गर्दा जीवले सत्वको अतिक्रमण गर्न सक्तैन

तत्र विप्रत्ययो नाम विपरीतं प्रवर्तते ।
अन्यथा कुरूते कार्यं मन्तव्यं मन्यते ऽन्यथा ॥२५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वि. सं. २०३९ साल
नववर्ष
को
उपलक्ष्यमा
समस्त ग्राहक महानुभावहरू
एवं
सम्पूर्ण नेपालीमा
हार्दिक शुभ कामना छ।

जनकपुर चुरोट कारखाना लि०
(जनकपुर)

—२०३९—
नव वर्षको उपलक्षमा
समस्त ग्राहक
र
सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति
एवं
मंगलमय कामना गर्दछौं।

फोन नं. १४६७३, ११९८६ स्काईलैण्ड ट्रान्सपोर्ट कं.
६/३१, न्यूरोड, काठमाडौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसमा विप्रत्यय भनेको विपरीत कामना प्रवृत्त हुनु, उल्टो काम गर्नु र उल्टो कुरा सम्झनु

ब्रवीम्यहमहं वेद्मि गच्छाम्यहमहं स्थितः ।
इतीहैवमहंकार स्त्वमहंकार वर्तते ॥२६॥

हे अहंकाररहित कुमार संसारमा म बोल्दछु; म जान्दछु, म जान्छु, । म बसेको छु, यस्तो भावना हुनुलाइ अहंकार भनिएको छ ।

यस्तु भावानसंदिग्धानेकीभावेन पश्यति ।
मृत्पिण्डवदसंदेह संदेह स इहोच्यते ॥२७॥

हे संदेहरहित ! जुन पुरूष परस्परमा नमिलेका बस्तुलाई माटोको ड़ल्लो जस्तो एकै ठान्दछ, त्यसैलाई यहाँ सन्देह भन्दछन् ।

य एवाहं स एवेदं मनो बुध्दिश्च कर्म च
यश्चेवैष गणः सोऽहमितियः सोऽभिसप्लवः ॥२८॥

यो जुन म छु; त्यही नै मन बुद्ध र कर्म हुन् । यी जुन मन, बुद्धि, कर्म हुन्, तिनै नै म हुँ भन्ने यस्तो जुन ज्ञान हो, त्यही नै अभिसंप्लव हो ।

अविशेषं विशेषज्ञ प्रतिबुध्दाप्रबुद्धयोः ।
प्रकृतीनाँ च यो वेद सोऽविशेष इति स्मृतः ॥२९॥

हे बिशेषज्ञ ! जुन पुरुष ज्ञानी, अज्ञानी र प्रकृतिहरूको भेद जान्दैन, त्यसैलाई अविशेष भन्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२०३६ साल

नववर्षको शुभ अवसरमा

हाम्रा समस्त ग्राहक महानुभावहरू

एवं

सम्पूर्ण नेपालीमा

उत्तरोत्तर प्रगतिको

निमित्त

हार्दिक शुभ कामना

ज्ञापन गर्दछौं ।

इन्धन संस्थान,

अद्वैत मार्ग, काठमाडौं, नेपाल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नमस्कारवषट्कारौ प्रोक्षणाभ्युक्षणादयः ।
अनुपाय इति प्राज्ञैरुपायज्ञ प्रवेदितः ॥३०॥

हे उपायज्ञ ! नमस्कार, वषट्कार, प्रोक्षण अभ्युक्षण आदिलाई विद्वानहरूले धर्मको उपाय नभएको 'अनुपाय' भनेका छन् ।

सज्जते येन दुर्मेधा मनोवाग्बुद्धिकर्मभिः ॥
विषयेष्वनभिष्वङ्ग ! सोऽभिष्वङ्ग इतिस्मृतः ॥३१॥

हे सङ्गरहित कुमार ! जसले गर्दा दुर्बुद्धि पुरुष मन वचन, बुद्धि र कर्मद्वारा विषयमा आबद्ध हुन्छ, त्यसैलाई अभिष्वङ्ग भन्दछन् ।

ममेदमहमस्येति यद् दुःखभिमन्यते ॥
विज्ञेयोऽभ्यवपातः स संसारे येन पात्यते ॥३२॥

यो मेरो हो, म यसको हुँ भन्ने यस प्रकारको भावलाई नै दुःख मानिएको छ, त्यसैलाई अभ्यवपात भन्दछन् । यसले गर्दा मनुष्यको संसारमा पतन हुन्छ ।

इत्यविद्यां हि विद्वान् स पञ्चपर्वा समीहते ।
तमो मोहं महामोहं तामिस्त्रद्वयमेवच ॥३३॥

विद्वानहरू अविद्यालाई पाँच पर्व (पाँच गाँठा) मा विभक्त भएको मान्दछन् । ती तम, मोह, महामोह, तामिस्त्र, अन्ध तामिस्त्र यिनै हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नववर्षको शुभ कामना

नववर्ष २०३६ सालको शुभ उपलक्ष्यमा
समस्त नेपाली एवं ग्राहकवर्गमा
हार्दिक मंगलमय शुभ कामना
ज्ञापन गर्दछौं ।

कुन्दन फ्रेम एण्ड फर्निचर, मैतीदेवी ।
(अती सुन्दर एवं आधुनिक ढाँचाको फर्निचर निर्माता)

—नववर्ष—

२०३६ सालको उपलक्ष्यमा समस्त
नेपाली एवं ग्राहक वर्गहरूमा
मंगलमय शुभ कामना
ज्ञापन गर्दछौं ।

काठमाडौं फर्निसिंग हाउस,
डिल्लीबजार ।
(कोठामा सजाउने विभिन्न खालको सामानको विक्रेता)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत्रालस्यं तमो विद्धि मोहं मृत्यु च जन्म च ।
महामोहस्त्वसंमोह ! काम इत्येव गम्यताम् ॥३४॥

हे मोहरहित ! त्यसमध्ये आलस्यलाई तम, जन्ममृत्युलाई मोह र कामलाई महामोह हो भन्ने जान

यस्मादत्र च भूतानि प्रमुह्यन्ति महान्त्यपि ।
तस्मादेष माहाबाहो महामोह इतिस्मृतः ॥३५॥

हे महाबाहो ! ठुलाठूला प्राणीहरू पनि यही कामले गर्दा मूढ जस्तो हुने हुनाले यसलाई महामोह मानेको हो

तामिस्रमिति चाक्रोध ! क्रोधमेवाधिकुर्वते ।
विषादं चान्धतामिस्रमविषाद ! प्रचक्षते ॥३६॥

हे अक्रोध ! क्रोधलाई नै तामिस्र हो भन्दछन्, तथा हे विषादरहित ! विषाद (खेद) मान्नु नै अन्धतामिस्र हो भन्दछन्

अनयाऽविद्यया बालः संयुक्तः पञ्चपर्वया ॥
संसारे दुःखभूयिष्ठे जन्म स्वभिनिषिच्यते ॥३७॥

यो पाँच आँखा भएको, अविद्यायुक्त, दुःखबहुल संसारमा मूर्ख मनुष्य बारंबार जन्म लिन्छ

द्रष्टा श्रोता च मन्ता च कार्यकारणमेव च ।
अहमित्येवमागम्य संसारे परिवर्तते ॥३८॥

देख्ने, सुन्ने, जान्ने र कार्य कारण सबै म नै हुँ भनी मान्दै यस संसारमा यताउति घुम्दछ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इहैभिर्हेतुभिर्धीमन् ! जन्मस्रोतः प्रवर्तते ॥
हेत्वभावात्फलाभाव इति विज्ञातुमर्हसि ॥३९॥

हे बुद्धिमान् ! यस संसारमा यिनै कारणले गर्दा जन्मको स्रोत बग्छ । कारणको अभावमा फलको पनि अभाव हुन्छ भन्ने जान

अत्र सम्यङ्मतिर्विद्यान्मोक्षकाम चतुष्टयम् ॥
प्रतिबुद्धाप्रबुद्धौ च व्यक्तमव्यक्तमेव च ॥४०॥

हे मोक्षेच्छु ! बुद्धिमान् पुरुषले प्रतिबुद्ध, अप्रतिबुद्ध, व्यक्त, अव्यक्त यी चार कुरालाई राम्रोसँग जान्नु पर्छ

यथावदेतद्विज्ञाय क्षेत्रज्ञो हि चतुष्टयम्
आजवंजवतां हित्वा प्राप्नोति पदमक्षरम् ॥४१॥

क्षेत्रज्ञ आत्माले यी चार कुरालाई राम्रोसँग जानी, जन्म मरणरूपी आवागमनलाई छोडी अक्षय अविनाशी पद पाउँन्छ

इत्यर्थं ब्राह्मणा लोके परम ब्रह्मवादिनः ॥
ब्रह्मचर्यं चरन्तीह ब्राह्मणान्वासयन्ति च ॥४२॥

यस संसारमा यसैका निंति परम ब्रह्मज्ञानी ब्रह्मचर्यको आचरण गर्दछन् तथा ब्राह्मणहरूलाई यसको शिक्षा पनि दिन्छन्

इति वाक्यमिदं श्रुत्वा मुनेस्तस्य नृपात्मजः ॥
अभ्युपायं च पप्रच्छ पदमेव च नैष्ठिकम् ॥४३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजपुत्रले ती मुनिको यस्तो वचन सुनी उपाय र नैष्ठिक पदको सम्बन्धमा सोधे

ब्रह्मचर्यमिदं चर्यं यथा यावच्च यत्र च ॥
धर्मस्यास्य च पर्यन्तं भवान् व्याख्यातुमर्हति ॥४४॥

हे भगवान् ! ब्रह्मचर्य जसरी जहिले जहाँ गर्नुपर्छ, सो र यस धर्मको अन्त (समाप्ति) कहाँ हुन्छ ? यसको व्याख्या गर्नुहोस्

इत्यराडो यथाशास्त्रं विस्पष्टार्थं समासतः
तमेवान्येन कल्पेन धर्ममस्मै व्यभाषत ॥४५॥

यस्तो प्रश्न गरेपछि अराडमुनिले शास्त्रानुसार स्पष्ट अर्थमा संक्षेपले त्यसै धर्मलाई अर्को रीतिले भने

अयमादौ गृहान्मुक्त्वा भैक्षाकं लिङ्गमाश्रितः
समुदाचारविस्तीर्णं शीलमादाय वर्तते ॥४६॥

यो व्रत गर्ने व्यक्ति पहिले घर छोडी भिक्षुकको वेष धारण गर्छ र राम्रो उदार आचरणले युक्त भएको शील ग्रहण गर्छ

संतोष परमास्थाय येन तेन यतस्ततः
विविक्तं सेवते वासं निर्द्वन्द्वः शास्त्रवित्कृती ॥४७॥

जहाँ तहाँबाट जसरी तसरी जे प्राप्त हुन्छ त्यसैमा परम संतोष गरी कुशलतापूर्वक शास्त्रको चिन्तन गर्दै निर्द्वन्द्व भएर एकान्तवास गर्दछ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततोरागद्भयं दृष्ट्वा वैराग्याच्च परं शिवम् ॥
निगृह्णन्निन्द्रियग्रामं यतते मनसः शमे ॥४८॥

त्यसपछि रागबाट भय र वैराग्यबाट परम कल्याण हुन्छ भन्ने जानी इन्द्रियसमुदायलाई वश पारी मन शान्त पार्ने यत्न गर्दछ

अथो विविक्तं कामेभ्यो व्यापादादिभ्य एव च ।
विवेकजमवाप्नोति पूर्वध्यानं वितर्कवत् ॥४९॥

त्यसपछि काम, क्रोध, लोभ आदिबाट शून्य भै विवेकजन्य युक्तिपूर्ण पूर्वध्यान (पहिलो समाधि) पाउँछ

तच्च ध्यानसुखं प्राप्य तत्तदेव वितर्कयन् ॥
अपूर्वसुखलाभेन ह्रियते बालिशो जनः ॥५०॥

त्यस्तो ध्यान सुख पाएको मूर्ख मनुष्य वितर्क गर्नाले विलक्षण सुखको प्राप्तिबाट च्युत हुन्छ

शमेनैवं विधेनायं कामद्वेष विगर्हिणा ।
ब्रह्मलोकमवाप्नोति परितोषेण वञ्चितः ॥५१॥

काम र द्वेषको विरोधी भएको यस्तो शान्तिले ब्रह्मलोक प्राप्ति हुन्छ । यसमा जो वितर्क गर्दै मिथ्याभिमान गर्दछ, त्यो ठगिन्छ

ज्ञात्वा विद्वान् वितर्कास्तु मनः संक्षोभकारकान् ।
तद्वियुक्तमवाप्नोति ध्यानं प्रीतिसुखान्वितम् ॥५२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तर विद्वान् पुरुष मन संक्षोभ पार्ने वितर्कलाई जानेर त्यसदेखि रहित हुन्छ भने प्रीतिसुखले युक्त ध्यान प्राप्त गर्दछ

ह्रियमाणस्तया प्रीत्या यो विशेषं न पश्यति ।
स्थानं भास्वरमाप्नोति देवेष्वाभास्वरेषु स ॥५३॥

जुन पुरुष त्यो प्रीतिले आकृष्ट भै आफ्नू विशिष्ठ तत्वलाई देख्दैन, यो आभास्वर देवहरूका बीचको उज्ज्वल स्थान पाउँछ

यस्तु प्रीतिसुखात्तस्माद्विवेचयति मानसम् ।
तृतीयं लभते ध्यानं सुखं प्रीतिविवर्जितम् ॥५४॥

जुन पुरुष त्यो प्रीति-सुखलाई आफ्नो मनमा पस्न दिंदैन, त्यसले सुखमय प्रीतिरहित तृतीय ध्यान प्राप्त गर्छ

यस्तु तस्मिन्सुखे मग्नो न विशेषाय यत्नवान् ।
शुभकृत्स्नैः स सामान्यं सुखं प्राप्नोति दैवतैः ॥५५॥

जुन पुरुष त्यो सुखमा मग्न भई विशेष सुखको यत्न गर्दैन, त्यो शुभकृत्स्नदेवताहरूका साथ सामान्य सुख पाउँछ

तादृशं सुखमासाद्य यो न रज्यत्युपेक्षकः ।
चतुर्थं ध्यानमाप्नोति सुखदुःखविवर्जितम् ॥५६॥

जुन पुरुष त्यस्तो सुख पाउँदा पनि अनुरक्त नभई उदासीन रहन्छ; त्यो सुख-दुःखरहित चौथो ध्यान प्राप्त गर्दछ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत्र केचिद् व्यवस्यन्ति मोक्ष इत्याभिमानिनः ।
सुख दुःख परित्यागादव्यापाराच्च चेतसः ॥५७॥

त्यहाँ सुख–दुःख नहुनाले र मनको व्यापार पनि नहुनाले, कुनै अभिमानी पुरुष त्यसैलाई मोक्ष भन्दछन्

अस्य ध्यानस्य तु फलं समं देवैर्बृहत्फलैः ॥
कथयन्ति बृहत्कालं बृहत्प्रज्ञापरीक्षकः ॥५८॥

ब्रह्मज्ञानका परीक्षकहरू यस ध्यानको फल बृहत्फल नाम भएका देवताका साथ धेरै कालसम्म संगै बस्नु हो भन्दछन्

समाधेर्व्युत्थितस्तस्माद् दृष्ट्वा दोषाञ्छरीरिणाम् ।
ज्ञानमारोहति प्राज्ञः शरीरविनिवृत्तये ॥५९॥

शरीरधारीको दोष देखेका बुद्धिमान् पुरुष समाधिबाट उठेर शरीरनिवृत्तिका लागि ज्ञानमार्गमा आरूढ हुन्छन्

ततस्तद्ध्यानमुत्सृज्य विशेषे कृतनिश्चयः ॥
कामेभ्य इव स प्राज्ञो रूपादपि विरज्यते ॥६०॥

त्यसपछि त्यो ध्यान छोडी विशेषका निम्ति निश्चय गरेको बुद्धिमान् पुरुष कामहरूदेखि झैं रूपदेखि पनि विरक्त हुन्छ

शरीरे खानि यान्यस्मिंस्तान्यादौ परिकल्पयन् ।
घनेष्वपि ततो द्रव्येष्वाकाशमधिमुच्यते ॥६१॥

अनि यस शरीरमा जति छिद्र छन्, तिनमा शून्यको कल्पना गर्दछ र स्थूल पदार्थमा पनि आकाशको भावना गर्दछ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आकाशगतमात्मानं संक्षिप्य त्वपरो बुधः ।
तदेवानन्ततः पश्यन्विशेषमधिगच्छति ॥६२॥

अर्को विद्वान् पुरुष आकाशमा रहेको आत्मा (जिवात्मा या अहमात्मा) लाई संक्षेप गरी (विषयवासनादेखि हटाई) त्यसैलाई अनन्त स्वरूप देख्दै विशेषमा पुग्दछ

अध्यात्मकुशलस्त्वन्यो निवर्त्यात्मानमात्मना ।
किंचिन्नास्ती त संपश्यन्नाकिंचन्य इति स्मृतः ॥६३॥

अध्यात्मकुशल अर्को पुरूष आत्माद्वारा आत्मालाई निवृत्त गरी केही पनि छैन भन्ने देख्दै अकिंचन भावको स्मरण गर्दछ

ततो मुञ्जादिषीकेव शकुनिः पञ्जरादिव ।
क्षेत्रज्ञो निःसृतो देहान्मुक्त इत्यभिधीयते ॥६४॥

त्यसैले मूजबाट निस्केको सीक जस्तो पिंजडाबाट निस्केको पंछी जस्तो देहबाट निस्केको (अलग्ग रहेको) क्षेत्रज्ञ आत्मालाई मुक्त भन्दछन्

एतत्तत्परमं ब्रह्म निर्लिङ्गं ध्रुवमक्षरम् ।
यन्मोक्ष इति तत्त्वज्ञाः कथयन्ति मनीषिणः ॥६५॥

यो त्यही नै चिन्हरहित अटल अविनाशी परब्रह्म पद हो । जसलाई तत्त्वज्ञानी विद्वानहरू मोक्ष भन्दछन्

इत्युपायश्च मोक्षश्च मया संदर्शितस्तव ।
यदिज्ञातं यदि रुचिर्यथावत् प्रतिपद्यताम् ॥६६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसप्रकारको उपाय र मोक्ष मैले तपाईंलाई भन । यसलाई बुझ्नु भो र रुचि पनि छ भने योग्य उपायले यसलाई प्राप्त गर्नुहोस्

जैगीषव्योऽथ जनको वृद्धश्चैव पराशरः ।
इमं पन्थानमासाद्य मुक्ता ह्यन्ये च मोक्षिण ॥६७॥

जैगीषव्य, जनक, वृद्ध पराशर र अरुअरु मोक्षको इच्छा गर्ने पुरुष पनि यसै बाटोबाट मुक्त भए

इति तस्य स तद्वाक्यं गृहीत्वा तु विचार्य च ॥
पूर्वहेतुबलप्राप्तः प्रत्युतरमुवाच ह ॥६८॥

अराडमुनिको यस्तो वचन सुनी विचार गरेर पूर्व जन्मको हेतुबल (तीन कुलश मूलक शक्ति) सम्पन्न राजकुमारले उत्तर दिए

श्रुतं ज्ञातमिदं सूक्ष्मं परतः परतः शिवम् ।
क्षेत्रज्ञस्यापरित्यागादवैम्येतदनैष्ठिकम् ॥६९॥

उत्तरोत्तर कल्याण गर्ने यो सुसूक्ष्म ज्ञान मैले सुनें । क्षेत्रज्ञको परित्याग नहुनाले म यसलाई नैष्ठिक पद मान्दिनँ

विकारप्रकृतिभ्यो हि क्षेत्रज्ञं मुक्तमप्यहम् ।
मन्ये प्रसवधर्माणं बीजधर्माणमेव च ॥७०॥

विकार र प्रकृतिहरूबाट मुक्त भएरपनि क्षेत्रज्ञमा उत्पत्ति गर्ने धर्म र बीज धर्म रहन्छ भनी म मान्दछु

विशुद्धो यद्यपि ह्यात्मा निर्मुक्त इति कल्प्यते ।
भूयः प्रत्ययसद्भावादमुक्तः स भविष्यति ॥७१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यद्यपि विशुद्ध आत्मालाई मुक्त भनी मान्दछन्, तर पनि अस्तित्वको विश्वास रहुन्जेल त्यो अमुक्त नै हुन्छ

ऋतु भूम्यम्बुविरहाद्यथा बीजं न रोहिति ।
रोहति प्रत्ययैस्तैस्तैस्तद्वत्सोऽपि मतो मम ॥७२॥

जस्तो ऋतु, भूमि र जलको अभावमा बीज अङ्कुरित हुँदैन, तर कारणको सद्भावमा अंकुरित हुन्छ, त्यस्तै यसमा पनि यो नियम लाग्दछ भनी म ठान्छु

यत्कर्माज्ञानतृष्णानां त्यागान्मोक्षश्च कल्प्यते ।
अत्यन्तस्वत्परित्यागः सत्यात्मनि न विद्यते ॥७३॥

जुन कर्म, अज्ञान, तृष्णाको त्याग गर्दा मोक्षको कल्पना गरिन्छ, त्यही आत्मा छँदाछँदै सर्वथा त्याग हुन सक्तैन

हित्वा हित्वा त्रयमिदं विशेषस्तुपलभ्यते ।
आत्मनस्तु स्थितिर्यत्र तत्र सूक्ष्ममिदं त्रयम् ॥७४॥

यी तीनै बिस्तारै बिस्तारै त्याग गर्दा विशेषको प्राप्ति हुन्छ तर जहाँ आत्माको स्थिति हुन्छ, त्यहीं यी तीनै सूक्ष्मरूपमा रहन्छन्

सूक्ष्मत्वाच्चैव दोषाणामव्यापाराच्च चेतसः
दार्घत्वादायुषश्चैव मोक्षस्तु परिकल्प्यते ॥७५॥

दोषहरू सूक्ष्म रूपमा रहनाले, चित्तको व्यापार नहुनाले र लामो आयु हुनाले मोक्षको कल्पना गर्दछन्

अहंकारपरित्यागो यश्चैष परिकल्प्यते ।
सत्यात्मनि परित्यागो नाहंकारस्य विद्यते ॥७६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जुन पुरुष अहंकार परित्यागको कल्पना गर्दछन्, सो आत्मा विद्यमान हुँदा परित्याग हुन सक्दैन

संख्यादिभिरमुक्तश्च निर्गुणो न भवत्ययम् ।
तस्मादसति नैर्गुण्ये नास्य मोक्षोऽभिधीयते ॥७७॥

संख्या आदिबाट मुक्त नभई निर्गुण हुन सक्दैन निर्गुण नभई मोक्ष भयो भन्न सकिन्न ।

गुणिनो हि गुणानाञ्च व्यतिरेको न विद्यते ।
रूपोष्णाभ्यां विरहितो न ह्यग्निरूपलभ्यते ॥७८॥

जस्तो रूप र उष्णता नभएको आगो पाउन सकिन्न । त्यस्तै गुण र गुणी पनि भिन्न भिन्न रहन सक्दैनन्

प्राग्देहान्नवेद्देही प्राग्गुणेभ्यस्त गुणी ।
तस्मादादौ विमुक्तः सन् शरीरी बध्यते पुनः ॥७९॥

देहभन्दा पहिले देही थिएन । त्यस्तै गुणभन्दा पहिले गुणी थिएन । त्यसैले पहिले मुक्त भए तापनि शरीर आत्मा पुनः शरीरमा बद्ध हुन्छ ।

क्षेत्रज्ञो विशरीरश्च ज्ञो वा स्यादज्ञ एव वा ।
यदि ज्ञो ज्ञेयमस्यास्ति ज्ञेये सति नमुच्यते ॥८०॥

शरीररहित क्षेत्रज्ञ ज्ञ वा अज्ञ हो । यदि ज्ञ हो भने ज्ञेयको आवश्यकता छ । ज्ञेय रहेसम्म मुक्त हुँदैन

अथाज्ञ इति सीद्धो वः कल्पितेन किमात्मना ।
विनापि ह्यात्मनाज्ञानं प्रसिद्ध काष्टकुड्यवत् ॥८१॥

यदि तपाईंहरूको भनाइ अनुसार क्षेत्रज्ञ अज्ञ नै हो भने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्माको कल्पना गर्नाले के प्रयोजन ? आत्मा नभईकन पनि काठ र भित्ता झैं अज्ञानको अस्तित्व सिद्ध छ ।

परतः परतस्त्यागो यस्मात्तु गुणवान् स्मृतः ।
तस्मात्सर्वपरित्यागान्मन्ये कृत्स्नां कृतार्थताम् ॥८२॥

जो एकपछि अर्को; अर्कोपछि अर्को गरी गुणको परित्याग गर्दछ, त्यसैलाई गुणवान् भन्दछन् । यसरी नै सबैको त्याग गर्नाले पूर्ण कृतार्थता हुन्छ भन्ने म मान्दछु

इति धर्ममराडस्य विदित्वा न तुतोष सः ।
अकृत्स्नमिति विज्ञाय ततः प्रतिजगाम ह ॥८३॥

अराडमुनिको धर्मले उनलाई संतोष भएन । यो धर्म पनि अपूर्ण छ भन्ने जानी उनी त्यहाँबाट हिँडे

विशेषमथ शुश्रु पुरुद्रकस्याश्रमं ययौ ॥
आत्मग्राहाच्च तस्यापि जगृहे न स दर्शनम् ॥८४॥

यसपछि विशेष सुन्ने इच्छाले उनी उद्रकको आश्रममा गए । तर आत्मालाई स्वीकार गरेको हुनाले उनको दार्शनिक विचार राजकुमारले ग्रहण गरेनन् ।

संज्ञासंज्ञित्वयोर्दोषं ज्ञात्वा हि मुनिरुद्रकः ।
आकिंचन्यात्परं लेभेऽसंज्ञासंज्ञात्मिकां मतिम् ॥८५॥

चेतन र जडमा दोष देखेका उद्रक मुनिले अकिञ्चन भावभन्दा पर संज्ञा असंज्ञा रहित तत्त्वज्ञान पाएका थिए ।

यस्माच्चालम्बने सूक्ष्मे संज्ञासंज्ञे ततः परम् ।
नासंज्ञी नैव संज्ञीति तस्मात्तत्रगतस्पृहः ॥८६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किनभने सूक्ष्म कारण संज्ञा तथा असंज्ञा (चेतन र जड़) कर्मको अधिष्ठान हो। त्यसभन्दा पर न संज्ञावान् तत्त्व छ, न असंज्ञावान् तत्व छ। ती मुनि यही तत्वको अभिलाषी थिए।

यतश्च बुद्धिस्तत्रैव स्थितान्यत्राप्रचारिणी ।
सूक्ष्मापट्वी ततस्तत्र नासंज्ञित्व न संज्ञिता ॥८७॥

किनभने बुद्धि सूक्ष्म र कर्मरहित स्थिर भएर त्यहीं रोकिन्छ, अन्यत्र जाँदैन । त्यसैले त्यहाँ संज्ञा असंज्ञा केही पनि हुँदैन।

यस्माच्च तदपि प्राप्य पुनरावर्तते जगद् ।
बोधिसत्त्वः परं प्रेप्सुस्तस्मादुद्रकमत्यजत् ॥८८॥

तर त्यो पद पाएर पनि जीव यस संसारमा फेरि फर्कन्छ । त्यसैले बोधिसत्वले परम पद पाउने इच्छाले उद्रकलाई त्यागे।

ततो हित्वा श्रमं तस्य श्रेयोऽर्थी कृतनिश्चयः ।
भेजे गयस्य राजर्षेर्नगरीसंज्ञमाश्रमम् ॥८९॥

त्यसपछि कल्याण पाउने इच्छा गरेका तथा सो प्राप्त गर्न निश्चय गरेका ती मुनि उनको आश्रम छोडी राजर्षि गयको नगरी नामको आश्रम तर्फ गए।

अथ नैरञ्जरातीरे शुचौ शुचिपराक्रमः ।
चकार वासमेकान्त विराभिरतिर्मुनिः ॥९०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसपछि पवित्र पराक्रम भएका एकान्त विहारमा आनन्द मान्ने ती मुनिले नैरञ्जना नदीको पवित्र किनारामा वास गरे

अगतान् तत्र तत्पूर्वं पञ्चेन्द्रियवशोद्धतान्
तपःप्रवृत्तान् व्रतिनो भिक्षून् पञ्च ।ददृक्षित ॥६१॥

आफूभन्दा पहिले नै त्यहाँ आएका, पाँचै इन्द्रिय वश गर्नाले अभिमानी भएका तपस्यामा लागेका व्रतनिष्ठ पाँच भिक्षुलाई उनले देखे

ते चोपतस्थुर्दृष्ट्वात्र भिक्षवस्तं मुमुक्षवः ।
पुण्यार्जितधनारोग्यमिन्द्रियार्था इवेश्वरम् ॥६२॥

आफ्नू पुण्यले धन र आरोग्य आर्जन गरेको ऐश्वर्यशाली पुरुषको सेवामा इन्द्रियका विषयहरू उपस्थित भए झैं, ती मुनि त्यहाँ आएको देखि मोक्षको इच्छा गर्ने भिक्षुहरू उपस्थित भए

सम्पूज्यमानस्तैः प्रह्वैर्विनयादनुवर्तिभिः ॥
तद्वशस्थायिभिः शिष्यैर्लोलैर्मन इवेन्द्रियैः ॥६३॥

चञ्चल इन्द्रियले मनको सेवा गरे झैं आफ्ना वशमा रहेका, नम्र, आज्ञाकारी शिष्यहरूद्वारा उनी सेवा गरिए

मृत्यु जन्मान्तकरणे स्यादुपायोऽयमित्यथ ।
दुष्कराणि समारेभे तपांस्यनशनेन सः ॥६४॥

मृत्यु र जन्मको अन्त गर्ने यो उपाय हो भन्ने सम्झेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनले निराहार बसी दुष्कर तपस्या आरम्भ गरे

उपवासविधीन्नैकान कुर्वन्नरदुराचरान् ।
वर्षाणि षट् शमप्रेप्सुरकरोत्कार्श्यमात्मनः ॥९५॥

शान्ति पाउन इच्छा भएका उनले अरू मनुष्यले गर्न नसक्ने अनेक प्रकारका उपावास व्रतहरू ६ वर्षसम्म गर्दै आफूलाई दुब्लो तुल्याए

अन्नकालेषु चैकैकैः स कोलतिलतण्डुलैः
अपारपारसंसारपारं प्रेप्सुरपारयत् ॥९६॥

पार पराउनै नसकिने संसारको पार गर्ने इच्छाले उनले भोजनको समयमा एक एक बयर, तिल, चामलले व्रतको परायण गरे

देहादपचयस्तेन तपसा तस्य यः कृतः ॥
स एवोपचयो भूयस्तेजसास्य कृतोऽभवत् ॥९७॥

तपस्याले गर्दा उनको देह जति दुब्लो भयो, त्यत्ति नै तपस्याको प्रभावले तेजको वृद्धि पनि भयो

कृशोऽप्यकृशकीर्तिश्रीर्ल्हादं चक्रे ऽचक्षुषाम् ।
कुमुदायामिव शरच्छुक्लपक्षादिचन्द्रमाः ॥९८॥

उनी शरीरले क्षीण भए, तापनि श्री र कीर्तिले क्षीण थिएनन् । शरद्‌ऋतुको शुल्कपक्षको आरंभमा चन्द्रमाले कुमुदलाई आनन्दित गराए झैं यिनले पनि अरूको आँखालाई सुखी तुल्याए

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्वगस्थिशेषो निः शेषैर्मेदः पिशित शोणितैः ।
क्षीणोऽप्यक्षीणगाम्भीर्यः समुद्र इव स व्यभात् ॥९९॥

बोसो, मासु, रगतले रहित भएका खालि छाला र हाडमात्र बाँकी रहेका ती मुनी, अत्यन्त क्षीण भए, तापनि उनको गम्भीर्य क्षीण नभएको हुनाले समुद्र झैं शोभित भए

अथ कष्टतपः स्पष्टव्यर्थक्लिष्ट तनुर्मुनिः ।
भवभीरूरिमां चक्रे बुद्धिं बुद्धत्वकाङ्क्षया ॥१००॥

संसारदेखि भय मान्ने ती मुनिले कठिन तपस्याद्वारा शरीरलाई व्यर्थं कष्ट हुने रहेछ भन्ने स्पष्ट बुझी बुद्धत्व प्राप्तिको इच्छाले यस्तो विचार गरे

नायं धर्मो विरागाय न बोधाय न मुक्तये
अम्बुमूले मया प्राप्तो नस्तदा स विधिर्ध्रुवः ॥१०१॥

यो (उपावास आदि) धर्मले मलाई न वैराग्य, न ज्ञान, न मुक्ति नै दिन सक्तछ । त्यसबखत जम्बुवृक्षको मुनि मैले जुन साधन पाएको थिएँ, त्यही नै ध्रुव सत्य हो

न चास्ते दुर्बलेनाप्तुं शक्यमित्यागतादरः ।
शरीरबलवृद्ध्यर्थमिदं भूयोऽन्वचिन्तयत् ॥१०२॥

दुर्वल पुरुषले त्यो तत्व पाउन सक्तैन भन्ने विचार गरी शरीरलाई आदर गर्न लागेका ती मुनिले शरीर-बलको वृद्धिका निम्ति फेरि यस्तो विचार गरे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षुत्पिपासाश्रमक्लान्तः श्रमादस्वस्थमानसः ।
प्राप्नुयान्मनसावाप्यं फलं कथमनिर्वृतः ॥१०३॥

भोक, तिर्खा औ थकाइले क्षीण र थाक्नाले अशान्त चित्त भएका मनुष्यहरू मनले चिताएको फल कसरी पाउन सक्लान् ?

निर्वृतिः प्राप्यते सम्यक् सततेन्द्रियतर्पणात् ।
संतर्पितेन्द्रियतया मनः स्वास्थ्यमवाप्यते ॥१०४॥

इन्द्रियहरूलाई सदा तृप्त राख्नाले राम्रो शान्ति प्राप्त हुन्छ । इन्द्रियहरू तृप्त रहनाले नै मानिसक स्थिरता हुन्छ

स्वस्थ प्रसन्नमनसः समाधिरूपपद्यते ।
समाधियुक्तचित्तस्य ध्यानयोगःप्रवर्तते ॥१०५॥

स्थिर र प्रसन्न मन भएको पुरुषलाई ध्यानयोग समाधि सिद्ध हुन्छ । समाहित चित्त भएको पुरूषलाई ध्यानयोग प्राप्त हुन्छ

ध्यानप्रवर्तनाद्धर्माः प्राप्यन्तेयैरवाप्यते ।
दुर्लभं शान्तमजरं परं तदमृतं पदम् ॥१०६॥

ध्यान सिद्ध भएपछि नै ती धर्मप्राप्त हुन सक्छन्, जसमा दुर्लभ, शान्त, अजर, परम अमृत पद छ

तस्मादाहारमूलो ऽयमुपाय इति निश्चयः ।
आहारकरणे धीरः कृत्वा ऽमितमतिर्मतिम् ॥१०७॥

त्यसैले यो सबै उपाय आहारमूलक छ भन्ने यस्तो निश्चय गरेका ती महान् बुद्धिमान् मुनिले भोजन गर्ने निश्चय गरे

(बाँकी ६१ पेजको)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(गतांकको बाँकी)

गीता-बोध

अध्याय-३

कर्म योग

-डा. भीष्मराज प्रसाई

अर्जुनलाई कर्म र बुद्धिका विषयमा द्विविधा उत्पन्न भएपछि भगवान् कृष्णाजीसंग सोद्धछन-

"कृष्ण ! कर्मभन्दा साम्य बुद्धि नै श्रेष्ठ हो भने युद्धको यो घोर कर्ममा मलाई किन लगाउनुहुन्छ ? द्विविधाले गर्दा मेरो मनस्थिति ठीक छैन। यी दुईमध्ये जुन ठीक छ त्यही मलाई बताउनुहोस्।"

श्रीकृष्ण भगवान् अर्जुनलाई सम्झाउनुहुन्छ-

"अर्जुन ! सांख्य मतानुसार ज्ञान योगीका निमित्त कर्म योगका दुई भिन्न बाटा बताएँ। कर्म शुरू गरेको छैन भन्दैमा नैष्कर्म्य अर्थात् निष्काम कर्म नगर्ने भइँदैन। त्यस्तै कर्म गर्न छोड्दैमा सिद्धि पनि पाइन्न। प्रकृतिका सत्व, रज, तम आदि गुणको प्रभावले गर्दा सम्पूर्ण प्राणी कुनै न कुनै कार्य गरिरहेका हुन्छन। एकै क्षण कर्म नगरी को बस्तछ ?

"कर्म गर्ने इन्द्रिय (हात, खुट्टा आदि) लाई बँधेर मनले रूप, रस बासना सम्झिरहने मूर्ख मिथ्याचारी हो; तर व इन्द्रियलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनले नियन्त्रण गरेर जसले कर्मयोग गर्दछ त्यही श्रेष्ठ मानिस ठहर्छ । आफ्नो सधैं गर्ने कर्तव्य, कर्म, 'अकर्म' भन्दा उत्तम हो, गरिरहनु पर्दछ । फेरि कर्मै छाडियो भने यो जीवन निर्वाह नै कसरी चल्दछ र ? फलको इच्छा नराखी गरिएको यज्ञकर्म बाहेक अरु कर्मले यस लोकमा बाँध्दछ, त्यसैकारणले कर्म गर्दा फलको इच्छा राख्नु हुन्न । सृष्टिका शुरुमा ब्रह्माजीले जगतका मानिस र यज्ञ सृष्टि गरेर भने—"यज्ञ नै तिम्रो उन्नति गर्ने कामधेनु (इच्छा नुसार फल दिने) बराबर हुनेछ । "यज्ञ गरेर देवता मान; देव ताले तिम्रो भलाइ गर्नेछन परस्परको भनाइले पछि श्रेय मिल्नेछ । यज्ञले प्रसन्न भएर देवताले इच्छा गरे बमोजिमको भोग दिनेछन् । उनीहरूले दिएको वस्तु (अन्त) उनीहरूलाई अर्पण नगरी खाने त चोरै सरह हो । खानकै निमित पकाउनु पाप हो, यज्ञ गरेर बचेको चीज खाने योगीका पाप छुट्दछन् ।

"अन्नबाट प्राणी उब्जन्छन्, बृष्टिले अन्न उमार्दछ, यज्ञले बृष्टि गराउँदछ अनि कर्मले यज्ञ चल्दछ ! कर्म, ब्रह्म (प्रकृति—सत्व, रज, तम) बाट उत्पन्न हुन्छ औ ब्रह्म अक्षरबाट (परब्रह्मबाट)। तसर्थ सर्वव्यापी यो 'ब्रह्म' यज्ञमा नित्य बस्दछ ।

"सृष्टिकर्ता ब्रह्माबाट संचालन गरिएको यो चक्रदेखि बाहिर अर्थात् कर्मयोगको चक्रबाहिर गएर मोजमजामा मात्र लम्पट भइ रहने पापी पुरुषको जीवन व्यर्थ छ । तर जुन पुरूषलाई आत्मा प्रेम र आनन्द तथा सन्तोष लाग्दछ त्यसका निमित्त भने यस लोकमा अरू केही कर्तव्य बाँकी रहेको हुदैन । यस्ता पुरूषलाई यस लोकमा कुनै कर्म गर्नु या नगर्नुमा केही अन्तर छैन । यस्ता लाई मोक्षका निमित्त कहीले पनि अडकाउँदैन । अतएव स्वकर्तव्य अर्थात् आफ्नो गर्नुपर्ने कर्तव्य सधैं फलको इच्छा नराखी गरिरह्यो भने मानिसले मोक्ष पाउँदछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"हेर अर्जुन ! जनक आदि राजा पनि कर्म गरेर नै मुक्त भए। तिमी सारा संसारलाई सुमार्गमा लगाउनेतर्फ दृष्टि दिएर कर्म गर । श्रेष्ठ पुरुषले जे जे गर्दछन् अरू सामान्य मानिस पनि त्यस्तै देखासिकी कर्म गर्दछन् । मैले यो त्रिलोकमा गर्नु पर्ने काम केही छैन, नपाउने नै केही छ तापनि म कर्ममै (सामान्य लौकिक काममा) व्यस्त छु । मैले कर्म गर्न छाडें भने अरू मानवले पनि कर्म गर्न छाड्नेछन् । यसरी मैले कर्म गर्न छोडेपछि जगतै नाशिनेछ र खच्चर जाति उत्पन्न गर्ने र प्रजा नास्ने पनि मै बन्नेछु । ज्ञानीले लोक शिक्षाका निमित्त गरिने आचरण वा कर्म त्यत्तिकै आसक्तिरहित हुनुपर्दछ जति अज्ञानीको विषयप्रतिको आसक्तियुक्त चालचलन हुन्छ । ज्ञानी पुरुषले आफू योगमुक्त भएर सबै कार्य गरोस् र अरूलाई पनि गराओस् । ज्ञानीले आफ्नो आचरणले आसक्त वा अज्ञानीको बुद्धिमा कुनै भ्रम उत्पन्न नगराओस् ।

"मोह (अहंकार) ले ढाकिएको मूर्ख जीवधारीले यो सबै कर्मको कर्ता "म हुँ" भन्ने धारणा गर्दछ। यो सत्य होइन, प्रकृतिका सत्व, रज, तम आदि गुणका प्रभावले सबै कर्म चल्दछन् । महावाहु ! तत्वज्ञानी पुरूष कर्म र गुण (सत्व, रज, तम) बाट अलग छन, यो संसार गुणौंगुणको खेल-तमासा हो भन्ने जानी आसक्ति छाड्छन् । प्रकृति गुणले बहकिंदै उन्माद (वेहोश) भएका अज्ञानीहरू कर्ममा आशक्त रहन्छन्। यस्ता मूर्खलाई विज्ञ पुरूषले नचलाउनू ।

"अर्जुन ! अध्यात्म बुद्धिले सबै कर्महरू ममै समर्पण गरी, युद्धको फल के हुन्छ भन्ने सबै कुरा त्यागी वेफिक्रीसँग युद्धमा लड। जो श्रद्धालु पुरूष कर्मवन्धनबाट यो दोष नदेखाई यो मेरो मत धारणा गर्दछ त्यस्तो पुरूष कर्मवन्धनबाट मुक्त हुन्छ। मेरो मत वा देखाइएको बाटोमा दोष देखाई अनुशरण नगर्ने अविवेकीहरू सबै नासिन्छन ।

"ज्ञानीहरू अनि अरू समस्त प्राणी पनि प्रकृतिको स्वभाव अर्थात् आफ्नो आफ्नो प्रकृति अनुसार नै चल्दछन् । नियन्त्रण गर्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सक्ने कुरै छैन ! इन्द्रियहरूमा स्वभावतः रीस, राग, द्वेष आदि छन् भनेर तिनका वशका पर्ने हुन्न । प्रेम, निन्दा, द्वेष आदि आसक्तिहरू आत्माका शत्रु हुन ।

"अरूको राम्रो धर्मभन्दा आफ्नो धर्म दोषयुक्त छ भने पनि श्रेष्ठ मानिन्छ ! स्व-धर्म पालन गर्दा मर्नुपरे पनि श्रेयष्कर हुन्छ, तर पर धर्म भने भयावह अर्थात्, डरलाग्दो हुन्छ ।"

अर्जुन शंकाहरू निवारण गर्न अरू प्रश्न गर्दछन्–"भगवान कृष्ण ! आफ्नो इच्छा नहुँदानहुँदै जवर्जस्ती ठेले झैं गरेर पुरूषलाई पाप गर्न कसले प्रेरणा दिन्छ वा कसले लगाउँदछ ?"

श्रीकृष्ण उत्तर दिनुहुन्छ–"अर्जुन, यो रजोगुणबाट उत्पन्न काम (आसक्ति), क्रोध (रीस) नै ज्ञानको शत्रु संहारकारी महापापी हो। जसरी गर्भलाई सालले, आगोलाई धूवाँले र ऐनालाई धूलोमैलोले ढाक्दछ । त्यसरी नै आसक्ति र रीस रूपी पापले ज्ञानलाई ढाकेको हुन्छ । ज्ञानीको सधैंको कामरूपी वैरी कहिल्यै नअघाउने अग्नि हो र कामरूपी अज्ञानले ज्ञानको रूपलाई सबैतिर छोपेको छ । काम-वासनाका घर मन, इन्द्रिय र बुद्धि हुन; यिनीहरू नै ज्ञानलाई छोपेर मोहमा फसाउँदछन् । तसर्थ, अर्जुन ! संपूर्ण इन्द्रियलाई नियन्त्रणमा लिएर ज्ञान (अध्यात्म ज्ञान) र विज्ञान (परमात्मा संवन्धी ज्ञान) को शत्रु यस काम-वासनालाई नाश गर ।

"इन्द्रियहरू वाहिरी स्थूल शरीरभन्दा टाढा छन् । इन्द्रिय-हरूभन्दा पनि पर मन छ । त्यसभन्दा पनि टाढा वुद्धि छ । त्यसभन्दा पनि पर जो छ त्यो आत्मा (ब्रह्म) हो। ब्रह्मलाई बुद्धि, मनभन्दा पर रहेको जानी स्वयं मनलाई संयम (स्थिर) गरेर कामरूपी कठिन वैरीलाइ मार।"

(आगामी अंकमा 'ज्ञान कर्मसन्यास योग')

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्य ॐ ले सजिएको हुन्छ
यसैले यो महान् हुन्छ ।

—रामचन्द्र शर्मा

सत्य डगाएर रावणले संसार छाड्न पर्‍यो
सत्य थाहा नपाएर चन्द्रावतीले
शरीरमा कुष्टि उमारेर नदीमा कति कष्ट खान पर्‍यो
सत्य ॐ हो !
यसमा सत्व, रज, तम सम्पूर्ण गुण हुन सक्छ
    यसैले यो महान् हुन्छ
    यसैले यो विशाल हुन्छ
    यसको कुनै रूप हुँदैन
    यसको कुनै रङ्ग हुँदैन ।
जस्तो चितायो सत्य त्यस्तै हुन सक्छ
दर्शन ढुङ्गा आकारको हुन सक्छ
अलिकति अबीरले लटपठिएको हुन सक्छ
एउटा फूलले रङ्गिएको हुन सक्छ
दुई गेडा अक्षताले सजिएको हुन सक्छ ।
    सत्य असत्यसित क्राइस्ट बन्न सक्छ
    सत्यसित बुद्ध भइरहन सक्छ
    ईश्वर सत्य हो ! सत्य ईश्वर !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्तम बाइण्डिंग वर्क्स

बाट

झुत्रो किताबहरुको मर्मत

मात्र नभई

बिभिन्न प्रकारको बँधाई [बाइण्डिंग] को

परीक्षण गर्नुहोस् ।

१२/२१०, टेङ्गल टोल,
काठमाडौं, नेपाल।

उत्तम बाइण्डिंग वर्क्स,

-बुद्ध वचन

अतीतं नानु सोचन्ति-नप्पजप्पन्ति अनागतं
पच्चुप्पन्नेन यापेन्ति-तेन वण्णो पसीदति

बितिसकेको कुरामा शोक नगर्नू । भविष्यको लागि आशा नगर्नू । वर्तमान अवस्थामा सन्तुष्ट भै प्रसन्नतापूर्वक जीवित हुनु उत्तम छ, अनि सुख पाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चन्द्र र सूर्यको जस्तै यो पनि उसको काम हो
आगोसंग डटेर पानीको निर्माण गर्नु हो!
सत्य धैर्य हो!

सत्य बुद्धको सम्पूर्ण उपदेश हुन सक्छ
मान्नेलाई! मान्नेलाई! दुखीलाई! यस्तैयस्तैलाई
नमान्नेलाई बुद्धको उपदेश विष हुन सक्छ
ए पापिष्ठ मान्छे हो!
तिमीहरू सत्यलाई मृत्यु लोकमा लैजान्छौ!
उसको पनि आफ्नै प्राण हुन्छ
त्यो मृत्युको घटाऊ हुन सक्छ। जोड हुन सक्छ! भागार हुन सक्छ
यो सम्पूर्ण गुन्दाखेरि

तिमीहरूलाई कतै पेट दुख्न सक्छ
त्यतिबेला सहारा केही नपाएर-बेसहारा जस्तै भएर
ईश्वरको नाउँ लिन्छौ! जरूर लिन्छौं।
लिन्छौ भने सत्य कत्ती महान रहेछ कति विशाल रहेछ!
दुःखमा मात्र सम्झन पर्ने
सम्भवतः पेट दुख्ने रोग तिमीहरूलाई पनि लाग्नेछ
त्यसबेला ईश्वर सम्झन पर्ला तर ईश्वर नआउलान्
पुनः अहिल्यैदेखि होसियार
होसियार सुनौला हातहरू! रेसमी घुम्टाहरू। सुन्दर मनहरू!
तिम्रो सत् कार्यमा ईश्वर कलेजोमा छन्!
मुटुमा छन्! दश नङ्ग्रामा छन्!
तिम्रो पसिनामा छन्! हर वेला तिम्रो शिरमा छन्!

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भविष्यका कर्णधार बाल बालिकाहरूलाई एकातिर मादक पदार्थको दुष्प्रभाव र अर्कोतर्फ दरिद्रता र अभावको अभिशापबाट बचाउन समर्थ हुनेछौं।

-श्री ५ वीरेन्द्र

✲ ✲
✲
✲ ✲

✲ बाल बालिकाहरूलाई पौष्टिक भोजन खुवाउनुहोस् ।

✲ बाल बालिकाहरूलाई खेल्ने ठाउँको प्रबन्ध गर्नुहोस् ।

✲ बाल बालिकाहरूलाई सफा सुग्घर राख्नुहोस् ।

✲ बाल बालिकाहरूलाई रोग निरोधक टीका दिनुहोस् ।

✲ बाल हितको निम्ति परिवार नियोजन गर्नुहोस् ।

सौजन्यः- सूचना विभाग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२५२६ औं जन्म-जयन्तीको उपलक्ष्यमा

बौद्ध धर्मका प्रवर्त्तक गौतम बुद्ध

-गोकुल प्रसाद शर्मा

यो २०३६ साल, बैशाख २५ गतेका दिन नेपाल अधिराज्य भर २५२६ औं बुद्ध जयन्ती धूमधामका साथ मनाइँदैछ । हाम्रो मुलुकले प्रत्येक वर्ष बुद्ध जयन्ती भव्यताका साथ मनाइ आएतापनि यस वर्षको कार्यक्रमको आफ्नै विशेषता छ, आफ्नै मौलिकता छ ।

विश्व बौद्ध फेलोशिपको बैंककमा हुने बैठकमा नेपालका तर्फबाट भाग लिन भिक्षु अमृतानन्द महास्थवीर त्यसतर्फ जानु भएको खबर छ । विश्व बौद्ध फेलोशिपको १४ औं सम्मेलन र बौद्ध धर्मको विकास सम्बन्धी विषयमा छलफल हुने कार्यक्रम छ । विश्व बौद्ध फेलोशिपमा नेपाल, भारत, श्रीलंका, थाइल्याण्ड, जापान, हंगकंग, दक्षिण कोरिया, मलेशिया, मंगोलिया, सिंगापुर अमेरिका र सोभियत संघ गरी १२ देशहरू सदस्य छन् । अर्को समाचार अनुसार २०३६ साल, बैशाख ९ गतेदेखि श्रीलंकाको राजधानी कोलम्बोमा पाँच-दिने विश्व हिन्दू सम्मेलन प्रारम्भ भएको छ, जसमा नेपालले पनि प्रतिनिधित्व गरेको छ । सम्मेलनको उद्घाटन गर्दै श्रीलंकाका राष्ट्रपति जे० आर० जयबर्द्धनेले भन्नु भयो- "आज संसारमा धर्म-धर्मका बीचको मेलमिलाप आवश्यक छ । हिन्दू धर्म र अन्य धर्मका बीच समझदारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरि गोपाल प्रधानको सम्पादनमा
नियमित रूपमा
प्रकाशित भैरहेको
दुनियाँ [साहित्यिक एवं मनोरञ्जन]
र
सुधा [अंग्रेजी पत्रिका]
अवश्य पढ्नु होस्।

श्री रामचन्द्र शर्माद्वारा
लिखित
"कञ्चन"
(सामाजिक उपन्यास)
हृदयको उपकार प्रकाशनमा आउँदैछ ।
प्रतिक्षा गर्नुहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बढाउने सम्मेलनको उद्देश्यबाट म निकै प्रभावित भएको छु।" उक्त सम्मेलनमा नेपाल लगायत २० वटा देशका ३०० प्रतिनिधिहरूले सम्मेलनमा भाग लिइरहेका छन्।

प्रत्येक वर्ष बुद्ध जयन्ती धूमधामसित मनाइने कुरोमा केही विशेषता अवश्य रहेको छ। एकातिर यस काममा अन्धाधुन्ध रकम खर्च भइरहेको छ भने, अर्कोतिरबिदेशी अनुदानको रकम प्रशस्त मात्रामा सोहरिंदो छ। संसारका विभिन्न मुलुकहरूबाट हाम्रो मुलुकमा प्रत्येक वर्ष आउने बौद्ध-भिक्षुहरूले काठमाडौंको स्वयम्भू र बौद्ध, लुम्बिनी, कपिलबस्तु (तौलीहवा) र अन्य स्थानहरूको भ्रमण गरिआएका छन्। नेपाल र नेपालीहरूका लागि यो निश्चय नै गौरवको कुरो हो। यसरी बौद्ध धर्मप्रति बौद्ध धर्मावलम्बीहरूको चाख बढ्दै-जानुको रहस्य के हो त भन्ने प्रश्न उपस्थित हुन आउँछ। यसको संक्षिप्त उत्तर यही हो कि बौद्ध धर्म अब संसारव्यापी भइसकेको छ र यसको विशेषता ज्यादै महत्वपूर्ण छ। मुख्य कुरो-बौद्ध धर्मका प्रवर्त्तक गौतम बुद्धको जीवन-चरित्र यति विशेषताले भरिएको छ कि कतिपय विषयमा यो अझै रहस्यपूर्ण छ। अनुसन्धानकर्त्ताहरू यो सम्झेर स्वयम् विस्मित छन् कि जति खोतल्यो, उति नयाँ—नयाँ कुराहरू पो भेट्टाइन्छन। जेहोस्—यहाँ हामी गौतम बुद्धको जीवन-चरित्रका केही घतलाग्दा पक्षहरूको जानकारी प्राप्त गरी त्यसपछि यिनका महत्वपूर्ण उपदेश बारे केही खास कुराहरूको अध्ययन गरौं।

घतलाग्दो पक्ष—

तथागत बुद्धको जीवन-चरित्र बारे अनेक ग्रन्थहरूमा यस्ता कुराहरू लेखिएका छन:—

जन्म ग्रहण गर्नु भन्दा पहिले बुद्धले बिचार गरिसकेका थिए कि उनी कुन देशका कुन आमा—बाबुको घरमा जन्मनु पर्नेछ। सम्भवतः उनीले पहिले नै यस कुराको निश्चय गरिसकेका थिए कि कपिलबस्तु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रबी ट्रेडिंग सेन्टर

(१२/२६७, टंगलटोल, ललितपुर)

यस सेन्टर घोषणा गर्दछ कि प्रत्येक घर, आँगन, चोक, बारीमा हुने विभिन्न प्रकारका किटाणुहरूको समस्या समाधानको लागि हामीसंग सम्पर्क राख्नुहोस् ।

—सेवामा सदा तत्पर रहनेछौं—

ब्राञ्च अफिस :

त्रिपुरेश्वर (सहयोगी प्रेसको कम्पाउण्ड) र असन, त्यौडटोल,

फोन नं. : १३३०६ काठमाडौं, नेपाल ।

प्राकृतिक चिकित्सा

औषधि धेरै खाने धेरै रोगी, थोरै औषधि खाने थोरै रोगी र औषधि नखाने नै निरोगी हुन्छन् ।

प्राकृतिक चिकित्सामा बिना औषधि रोग निको हुन्छ । औषधि विना सदा स्वस्थ रहन सकिन्छ ।

सम्पर्क राख्नोस्

आरोग्य आश्रम

(प्राकृतिक चिकित्सा केन्द्र)

पो० ब० १६०८ बत्तिसपुतली, काठमाडौं, फोन नं. १६६३२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नगरका क्षत्रिय राजा शुद्धोधनकी पत्नी मायादेवीको कोखमा जन्म लिनु पर्नेछ। समयान्तर एक रात सपनामा कुनै दिव्य ज्योति आफ्नो कोखमा प्रवेश हुन लागेको माया-देवीले देखिन्। सपनाको फल सोद्धा ब्राह्मणहरूले बताए— "महारानी, चिन्ता नगर्नुहोस्। मौसूफको कोखमा गर्भ-धारण भएको छ। पुत्र-लाभ हुनेछ। त्यो छोरो घरमा रहेमा चक्रवर्ती राजा हुनेछ। कदाचित् घर छाडेर साधु हुनगएमा ऊ महाज्ञानी (बुद्ध) हुनेछ।" राजाको छोरोलाई सुख, सम्पत्ति र ऐश्वर्यको कमी नहुने भएकोले सबै थोक दरबारमै जुटाइ-दिएपछि छोरोले गृह-त्याग गर्ने कुरो हास्यास्पद जस्तै भयो। राजा र रानी आफ्नो छोरो चक्रवर्ती राजा हुने कुरोमा पूर्ण आश्वस्त भए। तर, विधिको बिड़म्बना! चक्रवर्ती राजा हुने लक्षण भएको छोरो गृह-त्याग गरेर महाज्ञानी पो हुनगयो।

अर्को घटना यस प्रकारको छ। कालदेवल नाउँका एकजना तपस्वी देवलोकबाट राजदरबारमा आए। उनीले नवजात शिशुलाई हेर्ने मनसाय महाराजका सामु प्रकट गरे। तपस्वीले बालकको वन्दना गरे। एक छिन यसो शोचमग्न भएपछि उनका आँखा बाट बरबरी आँसुका थोपा पो झर्न थाले। लौ, अनर्थ भयो भन्ने सोची मानिस-हरूले आशंकापूर्ण स्वरमा सोधे-"क्या हो, भन्ते! हाम्रा आर्यपुत्रमाथि कुनै संकट त आइपर्ने होइन?"

तपस्वीले झट्ट उत्तर दिए- "त्यसो होइन। म यस निम्ति रोइरहेको छु कि यस प्रकारका मानिसलाई म बुद्ध (ज्ञानी) भएको देख्न पाउने छैन।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बालकको जन्म भएको पाँचौं दिन भविष्यफल बताउने दैवज्ञ (ज्योतिष) ब्राह्मणहरूलाई डाकेर सगुन विचार गर्न लाउँदा ती मध्ये ७ जनाले भने—"यस्ता शुभ लक्षण भएको गृहस्थ चक्रवर्ती राजा हुन्छ र साधु भएमा बुद्ध ।" ती मध्ये सबैभन्दा कम उमेरका कौण्डिन्य नाउँका तरुण ब्राह्मणले भने—"यी बालक घरमा बस्ने कुनै कारण छैन । यिनी अवश्य महाज्ञानी हुनेछन् ।"



यसरी जन्मदेखि तरुण अवस्थासम्मको अवधिमा सिद्धार्थको जीवन अनेक विचित्रता र अनेक विलक्षणताले भरिएको छ । यस विषय अनेक ग्रन्थहरू लेखिएका छन र कतिपय पक्षमा अझै अनुसन्धान गरिंदोछ, २५०० वर्ष व्यतीत हुँदा पनि । यत्तिकैबाट स्पष्ट छ कि गौतम बुद्ध कुनै साधारण व्यक्ति होइनन् । उनी बारे अझै नयाँ-नयाँ कुरा प्रकाशमा आउनु हाम्रा लागि अचम्मको विषय हो ।

धार्मिक मान्यता—

भारतमा बौद्ध धर्मभन्दा पहिले वैदिक धर्मले राजधर्मको स्थान ग्रहण गरेको थियो । बौद्ध धर्मपछि पनि भारतका केही अञ्चलहरूमा वैदिक धर्मकै शाखाहरू- वैष्णव, शैव आदिले राजधर्मको स्थान ग्रहण गर्दैथिए; तापनि केन्द्रको ठाउँ बौद्ध धर्मलाई नै प्राप्त भएको थियो ।

सम्राट् अशोकमाथि बौद्ध धर्मको यति धेरै प्रभाव पर्‍यो कि उनी राजाबाट 'प्रियदर्शी' भए । बौद्ध धर्मका उपदेशलाई ढुङ्गाहरूमा कुँदून लगाएर उनीले सो धर्मको प्रचार गरे । उनीले २९७—२७२ ई० पू० का बीच मगधको राजगद्दीमा शासन गरे । त्यसपछि बौद्ध धर्मको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रचार गर्ने श्रेय सम्राट् कनिष्कलाई छ । उनी ७८ ई० मा राजगद्दीमा बसे । उनीले बताएका शक संवत् हाम्रो राष्ट्रिय संवत मानिन्छ । उनको स्वयम् कुनै धर्म थिएन; किनभने उनीले चलाएका मुद्रामा ग्रीक ईरानी, हिन्दू , बौद्ध आदि सबै धर्मका देवता र महापुरुषहरूका आकृति अङ्कित छन् । तैपनि, बौद्ध धर्मप्रति उनको गहिरो श्रद्धा थियो । उनको शासन–कालमा एउटा महत्वपूर्ण सुधार यो भयो कि बौद्ध धर्मको क्षेत्रमा रहेका धार्मिक संकीर्णताहरू समाप्त भए ।

गुप्त युग (राजवंश) को समय २७५—५१० ई० का बीच निश्चित छ । गुप्त राजाहरू भागवत धर्मका अनुयायी थिए । तैपनि बौद्ध धर्मप्रति उनीहरूको विशेष श्रद्धा थियो । त्यस बेला बौद्ध धर्म भन्दा बौद्धकला र बौद्ध साहित्यको बढी उन्नति भयो । नालंदा, मथुरा, अजन्ता, बाघ आदि ठाउँहरूमा बौद्धका अनौठा कलाकृतिहरू देख्दा दर्शकहरू तिनछक्क पर्दछन । गुप्त युगमा स्थापित नालन्दा, महाविहार, बाराणसी, काश्मीर, ओदन्तपुरी, विक्रमशिला र विक्रमपुरीमा बौद्ध साहित्यको निरन्तर निर्माण भइरह्यो । यसबाट स्पष्ट छ कि प्राचीन भारतमा बौद्ध धर्मले राज धर्मको रूपमा पर्याप्त सम्मान प्राप्त गरेको थियो ।

सारगर्भित उपदेश

उस बेला गौतम बुद्धको उपदेशका कुरा लोकभाषा पालिमा लेखिएका थिए । यसमा गौतम बुद्धको दूरदर्शिता यसकारण मान्नु पर्नेछ कि एकातिर उनको उपदेशका कुरा बुझ्न मानिसहरूलाई अप्ठ्यारो परेन भने, अर्कोतिर पालि भाषाको प्रचार र प्रसार बढ्दैगयो । बुद्धले सदाचारमा विशेष जोड दिएका छन् । उनीले मानिसहरूलाई काम गर्नुपर्छ भन्ने प्रेरणा दिए । ज्ञान र भक्तिलाई कर्मको भित्री वस्तु मान्नु पर्ने कुरोमा उनीले बल दिए । तथा उनको यो 'कर्म–सिद्धान्त' गीतासित प्रभावित भएको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गौतम बुद्ध भन्दछन कि मानिसका लागि आचार नै श्रेष्ठ हो । आचारको पालन नगर्नाले नै मानिस दुःख, पीडा र शोकको भुमरीमा पर्दछ । आचारबाटै जीवनमा सरलता र निर्मलता आउँछ । आचारको पाठ कर्मद्वारा प्रेरित छ । त्यसो हुँदा सत्कर्म गर्नु मानिसको पहिलो र ज्यादै महत्वपूर्ण कर्तव्य हो । तथागत बुद्धले भनेका थिए कि कर्मद्वारा नै मुक्ति (निर्वाण) प्राप्त गर्ने सहज बाटो खुल्दछ । पछि गएर मुक्ति (निर्वाण) बारे बुद्धको विचारमा परिवर्तन गरेर मानिसहरूले यसो भने कि भक्ति र भावनामय प्रार्थनाद्वारा नै मुक्ति वा निर्वाण प्राप्त हुन सक्दछ ।

गौतम बुद्धले चारवटा आर्य–सत्य बताएका छन । ती हुन्:—

१. दुःख नै जन्म, जरा (बुढ्याइ), व्याधि र अभावको कारण हो ।

२. दुःखको उन्मूलन नै सुख र शान्तिको कारण हो ।

३. दुख नै सारा लोभ, मोह इत्यादि तृष्णाहरूको कारण हो ।

४. दुःखबाट छुटकार पाउन आठ कुराहरूको पालन गर्नु आवश्यक छ जस्तै :— (१)सम्यक दृष्टि, (२) सम्यक संकल्प, (३) सम्यक वचन, (४) सम्यक कर्मान्त, (५) सम्यक आजीव, (६) सम्यक व्यायाम, (७) सम्यक स्मृति र (८) सम्यक समाधि ।

गौतम बुद्धले पुण्य सम्बन्धी केही सिद्धान्तहरू पनि निर्धारित गरेका छन । उनीले आफ्ना उपदेशमा श्रेष्ठ यज्ञको चर्चा गर्ने गर्दथे । श्रेष्ठ यज्ञको व्याख्या गर्दै उनी भन्दछन–"धर्म र संघको शरणमा आउनु र संयमपूर्वक शिक्षा–पदहरूको पालन गर्नु नै श्रेष्ठ यज्ञ हो । "उनी दानलाई पनि धर्मको एउटा महत्वपूर्ण पक्ष ठान्दछन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दान बारे उनको धारणा छ कि दान यस्तो हुनुपर्छ जसमा कसैको कुभलो नहोओस् र जो प्रसन्न चित्तले दिइयोस् । दान गरेपछि मानिसलाई आनन्दलोक प्राप्त हुन्छ भन्ने पनि उनको भनाइ छ ।

बौद्ध धर्मका प्रमुख ग्रन्थहरू

बौद्धसाहित्य दुइ भाषामा लेखिएको छ–पालिमा र संस्कृतमा । धर्म-विषयक प्रायः सबै ग्रन्थहरू पालि भाषामा र दर्शन–विषयक ग्रन्थहरू संस्कृत भाषामा लेखिएका छन् । गौतम बुद्ध (भगवान् तथागत) ले बुद्धत्व प्राप्त गर्नुदेखि लिएर निर्वाण (मोक्ष) प्राप्त गर्ने बेलासम्म जे जसो भने त्यसैको संग्रह 'त्रिपिटक' मा गरिएको छ । त्रिपिटकलाई तीन पेटारी भन्दछन्, जो यी हुन्ः—

१. विनयपिटक, २. सुत्तपिटक र ३. अभिधम्मपिटक ।

'विनयपिटक' मा गौतम बुद्धका वाणीहरूको संकलन छ, जसमा उपदेशका कुराहरू लेखिएका छन् । 'सुत्तपिटक' मा अनुशासन (संघ-विषयक नियम) सम्बन्धी वाणीहरू संकलित गरिएका छन् । 'अभिधम्मपिटक' मा अध्यात्म र नीतिका कुराहरू संकलित छन् । यी त्रिपिटकहरूमा करीब १४ ग्रन्थहरूको संग्रह छ । पिटकहरूपछि पालि भाषामा लेखिएका सम्पूर्ण ग्रन्थहरूलाई अनुपिटक भन्दछन् । सो बाहेक बौद्धहरूका १२ वंश-ग्रन्थहरूको गणना गरिन्छ । यस्ता वंश–ग्रन्थहरू वैदिक धर्मका पुराण जस्ता छन्, जसमा अनेक थरीका ऐतिहासिक र धार्मिक कथाहरूको संग्रह गरिएको छ ।

निष्कर्ष—

अब हामी यस निष्कर्षमा पुग्दछौं कि गौतम बुद्ध (भगवान तथागत) का उपदेशहरूले बौद्ध धर्मको ठूलो ग्रन्थ–भण्डार भरिदिएका छन् । उनीले बौद्ध धर्मको त्यो सजिलो बाटो बताए, जसको अनुसरण जुनसुकै पेशामा लागेको मानिसले गर्न सक्दछ । अर्थात् हामी आफ्ना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

OM NAMO BUDDHAYA

Why am I not completely happy ?
Because of **"Self"**

In order to attain the heighest bliss, i.e. the state of supreme happiness, we must seek to destroy **"Self"**

Why suffering ?
Because of gready desires.

Why sorrow ?
Because of personal cravings.

The desire of systematic selfishness, the feeling of pleasure in all forms of sensiousness and involvement in a moral worldliness keep us away from the supreme knowledge of things-spiritual (बोधि)

To be free from the bondage of rebirth and to achieve the eternal serenity of soul, (निर्वाण) chastity in deed, word and thought is a **must**.

Practice of **"Astamarga"** is the only way out to lead to the path of escaping from distress and chagrins of life, and their fulfilment – the state of NIRVANA.

Om Namo Buddhaya !

– U. Sharma.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नित्य कर्म गर्नुका साथै बौद्ध धर्मका असल कामकुरालाई आफ्ना जीवनमा ढालेर जीवनलाई सार्थक तुल्याउन सक्दछौं। मात्र केही बेर उपदेशको अवलोकन अध्ययन र केही अभ्यासको आवश्यकता छ।

आज हामी २५२६ औं बुद्ध जयन्ती भव्य रूपले मनाउन सम्मिलित रूपले भेला भएका छौं। जबसम्म हामी बौद्ध धर्मका असल कामकुराहरू ग्रहण गरी तिनलाई आफ्ना जीवनमा ढाल्दैनौं, तबसम्म यसको प्रचार र प्रसारको कुनै खास अर्थ लाग्दैन। अतः प्रतिज्ञा गरौं कि बौद्ध धर्मको व्यापक प्रचार र प्रसार गरी जन-जनलाई यसका विशेषतासित परिचित गराउने छौं। यसैमा हाम्रो कर्मको सुफल छ र छ हाम्रो परिश्रमको सार्थकता।

१६/४२३, लैनचौर,
काठमाडौं।

गोकुल प्रसाद शर्मा

मिति:- १०।१।२०३९

विकास विना शान्ति संभव छैन भने शान्ति विना विकास पनि संभव छैन।

—श्री ५ वीरेन्द्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विक्रम सम्वत २०३६

नववर्षको शुभ अवसरमा

हाम्रा समस्त ग्राहक महानुभावहरूको

उत्तरोत्तर प्रगतिको

निम्ति

हार्दिक शुभ कामना छ ।

ग्राम: नेपालक्ष्मी
टेलेक्स एन. पी. २२० लक्नी

नेपाल बैंक लि.
प्रधान कार्यालय

धर्मपथ, काठमाडौं, नेपाल ।

न व व र्ष को



शु भ का म ना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४० पेजको बाँकी)

स्नातो नैरञ्जनातीरादुत्ततार शनैः कृशः ।
भक्त्यावनतशाखाग्रै र्दत्तहस्तस्तटद्रुमैः ॥१०८॥

दुर्बल शरीर भएका ती राजकुमार स्नान गरी नैरञ्जरा नदीको तीरबाट बिस्तारै माथितर उक्ले । त्यस वखत तटवर्ती वृक्षहरूले हाँगाको टुप्पा निहुराई उनलाई हातको सहारा दिए

अथ गोपाधिपसुता दैवतैरभिचोदिता ।
उद्भूतहृदयानन्दा तत्र नन्दबलागमत् ॥१०९॥

त्यसपछि देवताहरूले पठाएकी गोपराजकी छोरी 'नन्दबला' प्रफुल्लित हृदयले त्यहाँ आइन्

सितशंखोज्ज्वलभुजा नीलकम्बलवासिनी ।
सफेनमाला नीलाम्बु र्यमुनेव सरिद्वरा ॥११०॥

उनी फींजको माला लगाएकी, नीलो जल भएकी श्रेष्ठ नदी यमुना झैं सेतो शंख लाउनाले उज्ज्वल हात भएकी नीलो ऊनी वस्त्र लगाएकी थिइन्

सा श्रद्धावर्धितप्रीतिर्विकसल्लोचनउत्पला ।
शिरसा प्रणिपत्यैनं ग्राहयामास पायसम् ॥१११॥

श्रद्धाले उनको प्रेम बढ्यो । नेत्ररूपी कमल फुले । शिरले मुनिलाई प्रणाम गरी उनले खीर खुवाइन्

कृत्वा तदुपभोगेन प्राप्तजन्मफलां स ताम् ।
बोधिप्राप्तौ समर्थो ऽभूत्संतर्पितषडिन्द्रियः ॥११२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो खीर खाएर उनले ती कन्याको जन्म सफल पारे । उनी छ इन्द्रियलाई नै त्यही खीरले तृप्त गराई ज्ञान प्राप्त गर्नमा समर्थ भए

पर्याप्ताप्यानमूर्तिश्च सार्धं स्वयशसा मुनिः ।
कान्तिधैर्ये वभारैकः शशाङ्कार्णवयोर्द्वयो ॥११३॥

ती मुनिले कीर्तिको साथ साथै पर्याप्त मात्रामा आफ्नू शरीरको पनि बृद्धि गरे । उनी एक्लैले चन्द्रमाको कान्ति र समुद्रको धैर्य धारण गरे

आवृत्त इति विज्ञाय तं जहुः पञ्च भिक्षवः ।
मनीषिणमिवात्मानं निर्मुक्तं पञ्च धातवः ॥११४॥

उनी धर्मबाट निवृत्त भएको ठानी, मुक्त भएका विद्वान्को आत्मालाई पाँचै धातुले छोडे झैं ती पाँचै भिक्षुले पनि उनलाई छोडे

व्यवसायद्वितीयोऽथ शाद्वलास्तीर्णभूतलम् ।
सोऽश्वत्थमूलं प्रययौ बोधाय कृतनिश्चयः ॥११५॥

बुद्धत्व प्राप्तिका निम्ति निश्चय गरेका आफ्नू एकमात्र मित्र निश्चयलाई साथ लिएका ती मुनि पिप्पलबृक्षको मुनि हरियो घाँसले ढाकेको भूमिमा गए

ततस्तदानीं गजराजविक्रमः पदस्वनेनानुपमेन बोधितः ।
महामुनेरागतबोधिनिश्चयो जगाद कालो भुजगोत्तमः स्तुतिम् ॥११६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यस बखत गजराज जस्तो पराक्रमी काल नाम भएको उत्तम सर्पले यी मुनि बोधि (ज्ञान) प्राप्त गर्न आएका हुन् भन्ने निश्चय गरी आफ्नू पदध्वनिले उनलाई जगाई ती महामुनिको स्तुति गर्न लाग्यो

यथा मुने त्वच्चरणावपीडिता मुहुर्मुहुर्निष्टनतीव मेदिनी ।
यथा च ते राजति सूर्यवत्प्रभा ध्रुवत्वमिष्टं फलमद्य भोक्ष्यसे ॥११७॥

हे मुनि ! तपाईंको चरणले पीड़ा पाएकी पृथ्वी बारम्बार गर्जन गर्दैछन् । तपाईंको तेज सूर्य भैं प्रकाशवान् छ । आज तपाईंले अवश्य नै इच्छा लागेको फल पाउनुहुनेछ

यथा भ्रमन्त्यो दिवि चाषयङ्क्तयः प्रदक्षिणं त्वां कमलाक्ष कुर्वते
यथाच सौम्या दिवि वान्ति वायव स्त्वमद्य बुद्धो नियतं भविष्यसि

हे कमलनयन ! नीलकण्ठ पक्षीका पङ्क्तिहरू आज आकाशमा घुंदै तपाईंको परिक्रमा गर्दैछन् । आकाशमा मन्द वायु बहेको छ । आज तपाईं अवश्य नै बुद्ध हुनुहुन्छ

ततो भुजङ्गप्रवरेण संस्तुतस्तृणान्युपादाय शुचीनि लावकात्
कृतप्रतिज्ञो निषसाद बोधये महा तरोर्मूलमुपाश्रितः शुचेः ॥११६॥

त्यसपछि उत्तम सर्पद्वारा स्तुति गरिएका ती मुनि घाँसीहरूबाट पवित्र घाँस लिई बुद्धत्व प्राप्तिका निम्ति प्रतिज्ञा गरी पवित्र महावृक्षको आश्रय लिएर त्यसमुनि बसे

ततः स पर्यङ्कमकम्प्यमुत्तमं बबन्ध सुप्तोरगभोगपिण्डितम् ।
भिनद्मि तावद्भुवि नैतदासनं न यामि यावत्कृतकृत्यतामिति ॥१२०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसपछि ती मुनिले म जबसम्म कृतकृत्य हुन्नँ, तबसम्म यी पृथ्वीबाट यो आसन छोड्ने छैनँ भनी निश्चय गरी उत्तम, अचल, सुतेको सर्प जस्तो एकाकार भएको पद्मासन बाँधे

ततो ययुर्मुदमतुलां दिवौकसो ववाशिरे न मृगगणा न पक्षिणः ।
न सस्वनुर्वनतरवोऽनिलाहताः कृतासने भगवति निश्चितात्मनि

भगवान्ले निश्चयपूर्वक आसन बाँध्नुभएपछि देवताहरू अत्यन्त खुशी भए । मृगगण र पंछीहरू कुनै पनि बोलेनन् । वायु चलेको भए पनि वनका वृक्षहरूबाट शब्द आएनन्

❀ बाह्रौं सर्ग समाप्त ❀

कल्याण मासिक धार्मिक पत्रिकामा

स्तरपूर्ण सामाजिक, आर्थिक साथै
धार्मिक, संस्मरण, लेख, कथा,
कविता, नाटक आदि रचनाहरूको लागि
कल्याण परिवार स्वागत गर्दछ ।

ठेगाना: कल्याण मासिक पत्रिका, मार्फत, आनन्द प्रि. प्रेस, बागबजार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवन के हो ?
WHAT IS LIFE ?

जीवन चुनौती हो LIFE IS A CHALLENGE	मुकाबिला गर । MEET IT
जीवन वियोगान्त हो LIFE IS A TRAGEDY	सामना गर । FACE IT
जीवन विषाद हो LIFE IS A SORROW	विजय गर । OVERCOME IT
जीवन यात्रा हो LIFE IS A JOURNEY	पूर्ण गर । COMPLETE IT
जीवन संघर्ष हो LIFE IS A STRUGGLE	स्वीकार गर । ACCEPT IT
जीवन कर्तव्य हो LIFE IS A DUTY	पालन गर । PERFORM IT
जीवन रहस्य हो LIFE IS A MISTERY	उद्घाटन गर । UNFOLD IT
जीवन प्रतिज्ञा हो LIFE IS A PROMISE	पूरा गर । FULFIL IT

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवन वरदान हो — आस्वादन गर ।
LIFE IS A BLESSING — TASTE IT

जीवन संगीत हो — प्रशंसा गर ।
LIFE IS A SONG — SING IT

जीवन सौन्दर्य हो — पूजा गर ।
LIFE IS A BEAUTY — WORSHIP IT

जीवन प्रेम हो — उपभोग गर ।
LIFE IS A LOVE — ENJOY IT

जीवन नरक हो — निन्दा गर ।
LIFE IS A HELL — DAMN IT

जीवन स्वप्न हो — प्राप्त गर ।
LIFE IS A DREAM — TAKE IT

२०३६ नयाँ वर्षको
उपलक्ष्यमा
सम्पूर्ण नेपालीहरूको मंगलमय
एवं
सुख समृद्धिको लागि हार्दिक
शुभ-कामना ज्ञापन गर्दछौं ।

राप्ती एकीकृत ग्रामिण विकास परियोजना,
- परिवार -

तुल्सीपुर, दाङ । — धोबीघाट, ल. पु.
फोन नं. २१०८८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नववर्ष २०३६ को

शुभ उपलक्ष्यमा सम्पूर्ण नेपाली

एवं

ग्राहक महानुभावहरूमा

मंगलमय शुभ कामना

ज्ञापन गर्दछौं ।

प्रकाश फर्निसिंग हाउस, बागबजार ।

टे. फो. नं. १४४३६

(कोठामा सजाउने विभिन्न प्रकारको सामानहरूको विक्रेता)

२०३६

नव वर्षको

शुभ उपलक्ष्यमा

समस्त देशवासीहरूको

सुख शान्ति तथा

समृद्धिको मंगलमय कामना गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूल्य रु. ५।–
पत्र मंजूषाः २२१३

जि. का. का. द. नं. २८।०३७।३८
बा. अ. छु. द. नं. २२।०३७।०३८

२०३६ साल जेठ

आ.	३०	२	९	१६	२३
सो.	३१	३	१०	१७	२४
मं.	✪✪✪✪	४	११	१८	२५
बु.	✪✪✪✪	५	१२	१९	२६
बि.	✪✪✪✪	६	१३	२०	२७
शु.	✪✪✪✪	७	१४	२१	२८
श.	१	८	१५	२२	२९

-सुक्त वचन-

नहि पापं कतं कम्मं–सज्जु खीरं व मुच्चति ।
डहन्तं बाल मन्वेति–भस्मच्छन्नो व पावको ॥

दुहुना साथ दूध (जम्दैन) बिग्रदैन, पापको फलपनि तुरुन्तै आउदैन खरानीको आगोले क्रमशः पोलेझैं, पापले मूर्खलाई क्रमशः पोल्दै ल्याउँछ ।

मुद्रकः– आनन्द प्रिन्टिङ्ग प्रेस, बागबजार, काठमाडौं, नेपाल । फोन नं. ११८२५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu